मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक ३२५ • २०८२ साल कार्तिक १८ गते मंगलबार • Tuesday 04, November 2025 • सूर्योदय: बिहान ०६:१६ बजे • सूर्यास्त: साँझ ५:२१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## पत्रकार कर्णमाथि हातपात

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवम् नेपाल पत्रकार महासंघका निवर्तमान मधेश प्रदेश अध्यक्ष राजेश कर्णमाथि एक युवकले हातपात गरेका छन् ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ कटैया चौरीस्थित घरमा मदिरा सेवन गरेका युवकले उनलाई हातपात गरेका हुन् ।
उनीले के छ खबर भन्दै हात समातेर कुटपिट गरेका थिए ।
कुटपिटमा संग्लन युवक मदिरा सेवन गरेको प्रहरीको कथन छ । घटनामा संग्लन आरोपमा प्रहरीले कृष्णा रायलाई पक्राउ गरेको छ ।
यता सञ्चार सम्वद्ध विभिन्न संघसंस्थाले आक्रमणकारीलाई कारबाही माग गरेका छन् ।

# बालेनको डोजर आतंकविरुद्ध उभिए प्रभु



**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले सरकारी जग्गा खाली गर्न र नगरे डोजर लगाएर हटाउने सातदिने सूचना जारी गरेपछि त्रसित काठमाडौँका सुकुम्बासीलाई आमजनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले साथ दिने भएका छन् ।
काठमाडौँका मेयर बालेन शाहले सुकुम्बासीलाई डोजर लगाएर हटाउने चेतावनी दिइरहेका बेला आजपा अध्यक्ष साह सुकुम्बासीको पक्षमा खुलेर फेरि बालेनको डोजर आतंक आफूहरुलाई स्वीकार्य नभएको र कानूनविपरीत महानगरबाट हुने जस्तोसुकै कार्यको प्रतिकार गर्ने चेतावनी दिएका हुन् ।
'काठमाडौँ महानगरद्वारा सुकुम्बासी बस्तीबिरुद्ध भइरहेको षडयन्त्र रोक' आजपा निकटको आम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघले सोमबार काठमाडौँको कोटेश्वरमा गरेको पूर्वतयारी एवम् खबरदारी कार्यक्रममा साहले सुकुम्बासी हटाउने नभई बसोबास गरिरहेकै क्षेत्रमा व्यवस्थित रुपमा पक्की घर निर्माण गरेर दिनुपर्ने बताए ।
'सुकुम्बासीलाई हटाउने होइन, बसिरहेकै क्षेत्रमा पक्की घर बनाएर सरकारले दिनुपर्छ । संविधान, कानूनले सबै नेपालीको बस्ने, खाने, रोजगारी गर्ने अधिकार दिएको छ ।
यदि कानूनविपरीत काठमाडौँ महानगरले सुकुम्बासी बस्तीमा डोजर आतंक मचाएर उपद्रो मचाउन खोजे त्यो आफूहरुलाई कुनै हालतमा स्वीकार्य हुँदैन,' साहले भने, 'गरिब हटाउने होइन, गरिबी हटाउने सद्बुद्धी मेयर बालेनलाई आओस् । सुकुम्बासीलाई आतंकित बनाउने कार्य बन्द गर्नुस् । त्यो हामीलाई कुनै हालतमा पनि स्वीकार्य छैन ।'
संविधान, कानूनले सबै नेपाली नागरिकलाई जग्गा दिन, घर दिन भनेको उल्लेख गर्दै आजपा अध्यक्ष साहले काठमाडौँका ललिता निवासलगायतका जग्गा भूमाफियाले कब्जा गर्न सक्ने तर बालेनले सुकुम्बासीलाई घर बनाएर दिन नसक्ने हो भने रौतहटको मौलापुरका मेयर रिना साहले कसरी दलितलाई पक्की घर बनाएर दिएको छ त्यसबाट सिकेर काम गर्न सुझाव दिए ।
'शासकको राम्रो नियत भयो भने काठमाडौँको सुकुम्बासी समस्या एक महिनाभित्रमा समाधान हुनसक्छ । नपत्याए तपाईंहरुले मौलापुरमा कसरी दलितलाई पक्की भवन निर्माण गरेर व्यवस्थित बस्ती दिइएको छ, त्यसबाट सिकेर काम गर्नुस् । शासकहरुको कुकर्मले कोही सुकुम्बासी भए भने कोही हुकुम्बासी र जमिन्दार भएका छन् । यस्तो हर्कत सुधार नभए हामी जस्तोसुकै प्रतिकार गर्न तयार छौँ,' साहले चेतावनीको शैलीमा भने ।
'बालेन मात्रै होइन, काठमाडौँ महानगरपालिकामा उपमेयर, वडा अध्यक्ष, सदस्यहरु पनि छन्, जसलाई तपाईंहरुले भोट दिनुभएको छ । तिनीहरु पनि किन मौन बसेका ? किन नबोलेका ? यो बालेनदेखि, कांग्रेस, एमालेबाट विजयी भएका सबैले मौनता किन साँधेको ? हामी कांग्रेस, एमालेको धारणा के हो जान्न चाहन्छौँ ?,' उनले भने ।
आम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघका अध्यक्ष कालबहादुर विकको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# तीन महिनामा पौने नौ अर्बका सवारीसाधन आयात

**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा आठ अर्ब ७० करोड रुपैयाँ मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन भित्रिएका छन् ।
वीरगंज भन्सार कार्यालयका अनुसार चालु आवको तीन महिनामा सवारीसाधनको आयातबाट सात अर्ब ७७ करोड राजस्व सङ्कलन भएको छ ।
वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा सवारीसाधनको आयात र सोबाट प्राप्त हुने राजस्व दुवैमा वृद्धि भएको जानकारी दिए ।
जबकि गत आवको तीन महिनामा भने छ अर्ब १९ करोड रुपैयाँ मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन आयात भएका थिए । गत आवको तीन महिनामा सवारीसाधनको आयातबाट पाँच अर्ब ९५ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।
चालु आवको तीन महिनामा तीन अर्ब ४१ करोड रुपैयाँ मूल्य पर्ने २४ हजार नौ सय ३९ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएको छ । ती अनएसेम्बल्ड मोटरसाइकलको आयातबाट तीन अर्ब २८ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ ।
त्यस्तै गत आवको तीन महिनाको अवधिमा भने दुई अर्ब ४९ करोड रुपैयाँ मूल्य पर्ने १९ हजार चार सय ८९ अनएसेम्बल्ड मोटरसाइकल आयात भएको थियो । चालु आवको तीन महिनामा ६२ करोड २४ लाख रुपैयाँ मूल्य पर्ने तीन सय ३० जीप, कार र भ्यानको आयात भएको छ ।
ती सवारीसाधनको आयातबाट एक अर्ब ७५ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ । गत आवको तीन महिनाको अवधिमा भने ७६ करोड ५८ लाख रुपैयाँ मूल्य पर्ने चार सय ३२ जीप, कार र भ्यानको आयात भएको थियो । यो आवमा ती सवारीसाधनको आयातबाट भने एक अर्ब ९६ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।
चालु आवको तीन महिनामा वीरगंज नाका हुँदै ६८ करोड ५ लाख रुपैयाँ मूल्य पर्ने दुई सय २९ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती विद्युतीय जीप, कार र भ्यान आयातबाट ४५ अर्ब ७२ लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ ।
गत आवको तीन महिनाको अवधिमा भने वीरगंज नाका हुँदै १४ करोड ४९ लाख रुपैयाँ मूल्य पर्ने ९७ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको थियो । यो अवधिमा विद्युतीय सवारीसाधनआयातबाट नौ करोड ११ लाख रुपैयाँ मात्रै राजस्व सङ्कलन भएको थियो ।

# पर्सा–बारामा रोपिने सुगन्धी कस्तुरी धान लोप हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
मिठो बास्ना, सानो दाना,स्वादिलो चामलका रूपमा पर्सा र बारालगायत मध्य तराईमा रोपिने सुगन्धी कस्तुरी धान लोप हुने अवस्थामा पुगेको छ । नेपालको तराईका केही जिल्लामा मात्र पाइने छुट्टै पहिचान बोकेको यस धानको खेती नगण्य हुँदा सुगन्धी कस्तुरीको उत्पादनमा निकै नै कमी आएको छ ।
स्थानीय जातको बहुमूल्य चामल मानिने सुगन्धी कस्तुरीको मूल्य बजारमा पाइने बासमती, कालानमक चामलभन्दा महँगो छ । ठूलाबडाको प्रमुख रोजाई तथा पाहुनाको स्वागतको राम्रो परिकारका रूपमा लिइने भएकाले बजारमा यसको माग अत्यधिक छ तर कम उत्पादन, रोग तथा किराको प्रकोप तथा ढिलो तयार हुने हुँदा यसको खेती कमैले गर्ने गरेका छन् ।
पर्सागढी नगरपालिका–५ का कृषक भुवन पौडेलले भने, 'पहिला पहिला आफूले २ बिगाहा सुगन्धी कस्तुरी धान लगाउने गरेको भएपनी उत्पादनमा कमी हुने कारणले सुगन्धी कस्तुरी धान लगाउन छाडियो ।'
कृषक रामाकान्त चौधरीले खाँदा अति स्वादिष्ट तथा बास्नाले भरिपूर्ण भएको सुगन्धी कस्तुरी धानलाई लोप हुनबाट बचाउन विशेष चासो लिनुपर्ने बताए । यसको संरक्षणका लागि कृषि ज्ञान केन्द्र, स्थानीय, प्रदेश, केन्द्र सरकारले किसानका लागि केही नगरेको उनको गुनासो छ । सिँचाइको व्यवस्था भएको खेतमा मात्र लगाउन सकिने, धान फल्न बढी समय लाग्ने, कम उत्पादन हुने लगायतका समस्याले गर्दा अहिले कृषकले यो धान लाउन छाडेका छन् ।
कृषि ज्ञान केन्द्र पर्साका प्रमुख राम जीवन ठाकुरले सुगन्धी कस्तुरी, कालानमक धानको प्रवर्धनका लागि कृषि ज्ञान केन्द्रले मसिना तथा बास्नादार धानको प्रवर्धनको कार्यक्रम सञ्चालन गरेको बताए । उनले चालु आर्थिक वर्ष २०८२–८३ मा रैथाने धान प्रवर्धनका कार्यक्रम राखिएको समेत बताए । पर्सा जिल्लाको पर्सागढी नगरपालिका, सखुवा प्रसौनी र पटेर्बा सुगौली गाउँपालिका तथा वीरगंज महानगरपालिकाको ग्रामीण क्षेत्रमा सुगन्धी कस्तुरी धान लगाइएको छ ।

# मधेशमा बाक्लियो कुहिरो र बढ्यो चिसो


सप्तरी

**मधेशदृष्टि**
**रौतहट ।**
सोमबारदेखि मधेशका विभिन्न जिल्लामा हुस्सु र कुहिरो लाग्न थालेपछि चिसो बढेको छ । आवागमनमा समेत कठिनाइ शुरु भएको छ । हुस्सुका कारण यात्रु र विद्यार्थीलाई बिहान यात्रामा समस्या परेको छ । चिसो बढ्न थालेपछि तराईको जनजीवनमा असर पर्न थालेको छ । स्वास्थ्यकर्मीहरूले विशेषगरी बालबालिका, वृद्ध वृद्धा र दीर्घ रोगीहरूले अतिरिक्त सावधानी अपनाउन सुझाव दिएका छन् । उनीहरूले चिसोबाट बच्न तातो कपडा लगाउन, झोलयुक्त खानेकुरा खान र बिहान बेलुका बाहिर ननिस्कन सल्लाह दिएका छन् । रौतहटमा सोमबार बिहानैदेखि बाक्लो हुस्सु र ठन्डा हावा चलिरहेका कारण जनजीवन प्रभावित बनेको थियो । स्थानीय प्रशासनले आवश्यक परे स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको छ । यस्तै, सर्लाहीको सदरमुकाम मलङ्गवामा सोमबार बिहान बाक्लो कुहिरो


सर्लाही


रौतहट

बिहानैदेखि बाक्लो हुस्सु छाउने क्रम शुरु भएको छ भने तापक्रम क्रमशः घट्दै गएको छ ।
बढ्दो हुस्सुका कारण बिहानैदेखि सडक तथा राजमार्ग क्षेत्रमा भिजिबिलिटी घट्दा सवारी बिहान–साँझ टहलिन, खेतमा काम गर्न र व्यावसायिक गतिविधि सञ्चालन गर्न कठिनाइ हुन थालेको हो । मौसमविद्हरूका अनुसार आगामी केही दिनसम्म चिसोको प्रभाव अझ बढ्ने अनुमान गरिएको लागेको थियो ।
यस्तै, सप्तरीको राजविराजमा सोमबार बिहान कुहिरो लागेको थियो । कात्तिक महिनाको दोस्रो सातादेखि नै जाडो महसुस भएको छ ।

# वातावरण बने चुनावमा सहभागी हुन्छौँः ठाकुर




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले चुनावका लागि उचित वातावरण बन्न नसकेको बताउँदै वातावरण बने पार्टी चुनावमा जाने बताएका छन् ।
अध्यक्ष ठाकुरले जनकपुरधाममा पत्रकारहरूसँग संक्षिप्त कुरा गर्दै चुनावका विषयमा पार्टीको सम्पन्न हुने अधिवेशनले थप निर्णय लिने बताए । उनले पार्टी अहिले अधिवेशनको तयारीमा रहेको पनि बताए । उनले नेताहरू घर बाहिर निस्कने अवस्था नभएको दाबी गर्दै यस्तो अवस्थामा चुनाव हुन्छ भन्ने व्यापक आशङ्का भएको बताए ।
उनले अहिलेको राजनीतिक निकासका लागि संसद् पुर्नस्थापना गर्नु नै उत्तम विकल्प भएको बताए ।

# डिआइजी वीरगंजमा



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायम महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी अधिकारीलाई आवश्यक निर्देशन दिएका छन् । उनले शान्ति सुरक्षा कायम गर्न र नागरिको जिउधन रक्षा गर्न कुनै कसर बाँकी नराख्न प्रहरी अधिकारीलाई निर्देशन दिएका हुन् ।
अवैध चोरी पैठारी र अपराध नियन्त्रण गर्न सक्रिय रुपमा लाग्न उनले निर्देशन दिए । प्रहरी संगठनको गरिमालाई उच्च राख्दै इमान्दारिका साथ काम गर्न उनले प्रहरी अधिकारीहरुलाई आग्रह गरेका हुन् । उनलाई जिल्ला प्रहरी कार्यालय पसाका प्रमुख प्रहरी उपरीक्षक सुदीपराज पाठकले स्वागत गरेका थिए । डिआइजी थपलिया सर्लाही, रौतह हुँदै पर्सामा निरीक्षणमा आएका हुन् ।

# अबैध सामान सहित तीन वटा ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा ।**
प्रहरीले जीतपुर सिमरा उपमहानगरपालिका–२१ अमलेखगंजस्थित चेक प्वाइन्टबाट अबैध भन्सार छली गरेको कपडा, मोबिल, प्लास्टिकको ब्याग तथा औषधिजन्य सामान बरामद गरेको छ । बरामद सामानाको अन्दाजी मूल्य ७० लाख २९ हजार १ सय ५१ रुपैयाँबराबरको रहेको पाइएको छ । सामानसहित ना५ख ९२१६ नम्बरको ट्रक आइतबार बेलुका प्रहरीले नियन्त्रणमा लिएको हो । इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरी चेकिङ टोलीले वीरगंजबाट कैलाली जाँदै गरेको ट्रक चेकजाँच गर्ने क्रममा बिल बिजक भन्दा फरक र विभिन्न सामानो भन्सार नभएकाले सामानसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

सामान र ट्रक राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको छ ।

यस्तै, पर्साको वीरगंज महानगरपालिका वडा नं. २१ परवानीपुर चोकम बिल बिजक भन्दा बढीको खुद्रा तथा हार्डवेयरका सामानसहित दुई वटा ट्रक नियन्त्रणमा लिइएको छ । ९९ लाख ३ हजार ५ सय २१ रुपैयाँ बराबरको सामानसहित ना३ख ५१७३ र ना६ख ००३५ नम्बरको मालबाहक ट्रक आइतबार बेलुका प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी गस्ती टोलीले वीरगंजबाट मोरङ र धनुषा जाँदै गरेका ट्रकहरु चेकजाँच गर्ने क्रममा बिल बिजक भन्दा बढीको सामान लोड रहेको देखिएकाले आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ ।

# ‘जेन्जी’ प्रदर्शनमा मृतक ४५ जना शहीद



**काठमाडौँ ।**
सरकारले भदौ २३ र २४ गते ‘जेन्जी’ प्रदर्शनका क्रममा मृत्यु भएका ४५ जनालाई शहीद घोषणा गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले प्रदर्शनका क्रममा काठमाडौँलगायत मुलुकका विभिन्न भागमा मृत्यु भएका ४५ जनालाई राज्यका तर्फबाट शहीद घोषणा गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

गृह मन्त्रालयअन्तर्गत सहसचिव नेतृत्वमा रहेको समिति र विभिन्न जिल्ला प्रशासन कार्यालय, सरोकार भएका, सुरक्षा निकाय सबैतिरबाट आएको अध्ययनका आधारमा हाल ४५ जनालाई शहीद घोषणा गरिएको उनले बताए । अन्य मृतकबारे अध्ययन भइरहेको र त्यसबाट निक्र्यौल भएअनुसार निर्णय गरिने मन्त्री खरेलले बताए ।

सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको इलाम जिल्लाका प्रभावित स्थानीय तहहरूलाई सहयोग उपलब्ध गराउन आवश्यक पर्ने रकम पाँच करोड ३० लाख रुपैयाँ विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

यस्तै, वैदेशिक रोजगार न्यायाधीकरणको सदस्यमा सहन्यायाधीवक्ता घनश्याम ओझालाई तोक्ने निर्णय भएको छ । मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानबिन–सत्य निरुपण मेलमिलाप कोष सञ्चालन नियमावली २०८२ स्वीकृतसमेत गरेको छ ।

# लागुऔषधसहित चार जना पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
लहान नगरपालिका वडा नं. ११ पडरिया टोलबाट लागुऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ ३.७० ग्राम र डिजिटल तराजु थान–१, खुर्पा थान–१ सहित लहान नगरपालिका–११ पडरिया स्थितमा घर बनाई बस्दै आएका २३ वर्षीय सुजित चौधरी पक्राउ परेका छन् । ब्राउन सुगर सेवन तथा बिक्री वितरण भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले चौधरीको घर कोठामा खानतलासी गर्दा सानो प्लाष्टिकको डब्बामा कालो रंगको प्लाष्टिकमा २ वटा पोका बेरेर राखेको अवस्थामा लागु औषध ब्राउन सुगर जस्तो देखिने पदार्थसहित उनलाई नियन्त्रणमा लिएको हो ।

यस्तै, सिरहा, कर्जन्हा नगरपालिका–४ भुलके चौक स्थितबाट लागु औषध नाइटे«जेपाम १८ पिससहित मकवानपुरगढी–४ का २७ वर्षीय रविन कुमार तिमल्सिना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यलाय बन्दीपुर सिरहाबाट गस्तीमा खटिएको प्रहरी टोलीले करजन्हाबाट बन्दिपुर आउँदै गरेका पैदल यात्री तिमल्सिनालाई शंका लागेर चेकजाँच गर्दा कालो झोलाभित्र लागुऔषध बरामद भएको हो ।

यस्तै, लहान नगरपालिका वडा नं. १ पडरिया टोलबाट लागु औषध ब्राउन सुगरजस्तो देखिने सेतो पाउडर ६.५० ग्रामसहित सोही स्थानका २६ वर्षीय योगेश्वर चौधरी पक्राउ परेका छन् । लागुऔषध सेवन तथा बिक्री वितरण भइरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले चौधरीको शरीर तथा घर कोठा समेतमा खानतलासी गर्दा लागुऔषध ब्राउन सुगर जस्तो देखिने सेतो पाउडर फेला पारेको हो । यस्तै, लहान नगरपालिका वडा नं. ११ पडरिया टोलबाट लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थ ०.२० मिलिग्रामसहित सोही स्थानका ४३ वर्षीय मनोज चौधरी आइतबार बेलुका पक्राउ परेका छन् ।

# अर्थमन्त्री खनालसँग नेपालका लागि कोरियाका राजदूतको शिष्टाचार भेट



**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वरप्रसाद खनालसँग नेपालका लागि कोरिया गणतन्त्रका राजदूत पार्क ते यङले शिष्टाचार भेट गरेका छन् । अर्थ मन्त्रालयमा सोमवार भएको उक्त भेटमा अर्थमन्त्री खनालले कोरिया र नेपालबीच रहेको दुईपक्षीय कूटनीतिक सम्बन्धको चर्चा गर्दै कोरिया सरकारले प्रदान गर्दै आएको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गरे ।

साथै कोरियाको सहयोगमा सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अवस्था सन्तोषजनक रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले कोरियासँगको आर्थिक साझेदारीलाई निरन्तरता दिइने बताए ।

सोअवसरमा राजदूत पार्कले कोरिया सरकारको एजेन्सी कोइका र नेपाल सरकारबीचको द्विपक्षीय सम्बन्ध स्थापनाको ३० वर्ष पुगेको स्मरण गर्दै आगामी दिनमा थप समन्वय र सहकार्यका आशा व्यक्त गरे ।

साथै कोरियन लगानीकर्तालाई नेपालमा लगानीको लागि प्रोत्साहित गर्न र नेपाली उत्पादनहरूको प्रवद्र्धनका लागि आवश्यक सहजीकरण गरिने बताए ।

साथै, नेपाली कामदारहरूलाई कोरिया रोजगारीका लागि लैजान सहज होस भनेर कोरिया सरकारले छुट्टै भिसा सेन्टर स्थापना गर्न लागेको विषय समेत जानकारी गराए ।

त्यसैगरी उनले इपिएस प्रणालीअन्तर्गत रोजगारीका लागि कोरिया गई फर्किएका नेपाली नागरिकहरूको उद्यमशिलता प्रवद्र्धनका लागि नयाँ व्यवसाय सञ्चालन गर्न कोइकाको सहयोगमा कृषि विकास बैंकमार्फत सहुलियत पूर्ण कर्जा उपलब्ध गराउनका लागि प्रक्रिया अगाडि बढाइएको र सोका लागि आवश्यक सहजीकरण गर्नसमेत अनुरोध गर्नुभएको अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।रासस

# सामुदायिक भवन निर्माण शुभारम्भ



**मधेशदृष्टि**
**सिरहा ।**
मिर्चैया नगरपालिका–५ नं वडामा सामुदायिक भवन निर्माण कार्यको विधिवत् शुभारम्भ गरिएको छ । स्थानीय बासिन्दाहरूका साझा कार्यक्रम, बैठक, सामाजिक तथा सांस्कृतिक गतिविधिहरूका लागि उपयोगी हुने यो भवनले सामुदायिक एकता र सहकार्यलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ । भवन निर्माणका लागि वडा अध्यक्ष प्रदीप कुमार साह र उनको परिवारले जग्गा प्रदान गरेका हुन् । शुभारम्भ कार्यक्रममा समुदायका अगुवा, स्थानीय बासिन्दा, सामाजिक सङ्घसंस्था तथा नगर प्रतिनिधिहरुले वडा अध्यक्ष साहको उदारता र समुदायप्रतिको समर्पणको प्रशंसा गरेका थिए ।

# निर्वाचनमय वातावरण बनाउन सञ्चारमाध्यमको भूमिका हुने

**काठमाडौँ ।**
निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मुलुकमा निर्वाचनमय वातावरण बनाउन सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका हुने बताएका छन् ।

आयोगको कार्यालयमा सोमवार राष्ट्रिय समाचार समिति (रासस) को व्यवस्थापन र राससकर्मीसँग आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका सन्दर्भमा छलफल गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले विकट क्षेत्रका हरेक पेसाका नागरिकसम्मलाई सही सूचना दिएर निर्वाचनको महत्त्व र आवश्यकताबारे प्रचारप्रसार गर्न आग्रह गरे ।

‘मुलुकमा निष्ठापूर्वक निर्वाचन सम्पन्न हुने वातावरण सृजना गर्न र त्यसरूपमा निर्वाचन भएको सन्देश देश विदेशमा फैलाउन राससजस्ता समाचार समितिको अझ बढी भूमिका रहन्छ । त्यस काममा विगतमा झैँ रासस अग्रसर हुने विश्वास आयोगले लिएको छ’, कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने, ‘अहिलेको निर्वाचन विशेष परिस्थितिको निर्वाचन भएकाले यस पक्षलाई मनन् गरेर निर्वाचन तयारी, सुरक्षा, मतदाता शिक्षालगायत विषयमा सही समाचार दिन उत्तिकै आवश्यक छ ।’

निर्वाचन आयुक्तहरू डा जानकीकुमारी तुलाधर, सगुनशमशेर जबरा, आयोगका सचिव माहादेव पन्थसहित सहभागी छलफलमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउने सन्दर्भमा आयोग र राससबीचको सहकार्य बढाउने विषयमा छलफल भएको थियो ।

सो अवसरमा राससका महाप्रबन्धक सन्दीप राईले लोकतन्त्रको प्राणका रूपमा रहेको निर्वाचनको वातावरण बनाउन राससले आफ्नो ठाउँबाट निरन्तर भूमिका निर्वाह गर्दै आएको बताए ।

छलफलमा आयोगका सहसचिवहरू नारायणप्रसाद भट्टराई, यज्ञप्रसाद भट्टराई, राजेन्द्र केसी, राससका लेखाशाखा प्रमुख रुद्रमणि अधिकारी, प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने, वरिष्ठ समाचारदाता प्रकाश सिलवाललगायत सहभागी थिए ।रासस

# थारू समुदायको इतिहास झल्काउने सङ्ग्रहालय

**सुनसरी ।**
सुनसरीको रामधुनी नगरपालिका–२ मा थारू समुदायको इतिहास, परम्परा र संस्कृतिलाई संरक्षण तथा प्रदर्शन गर्ने उद्देश्यले थारू सङ्ग्रहालय स्थापना गरिएको छ ।

तीन कट्ठा १० धुर क्षेत्रफलमा फैलिएको उक्त सङ्ग्रहालय सङ्घीय सरकारको २०७६–७७ सालको ‘तराई–मधेश समृद्धि कार्यक्रम’ अन्तर्गत प्राप्त ३५ लाख रुपैयाँ बजेटमा निर्माण गरिएको रामधुनी नगरपालिका–२ का वडा सदस्य रामनारायण चौधरीले बताए ।

सङ्ग्रहालयभित्र थारू समुदायको जीवनशैली, संस्कार र सांस्कृतिक परम्परालाई झल्काउने १५० भन्दा बढी मूर्ति र संरचना स्थापना गरिएका छन् ।

वडा सदस्य चौधरीका अनुसार, सङ्ग्रहालय विशेषगरी थारू समुदायको सांस्कृतिक पहिचान संरक्षण र नयाँ पुस्तालाई आफ्नो मौलिक परम्पराबारे जानकारी गराउने उद्देश्यले निर्माण गरिएको हो ।

‘हाम्रा नयाँ पुस्तालाई आफ्नै संस्कृति र पहिचानबारे थाहा होस् भनेर यो सङ्ग्रहालय निर्माण गरिएको हो’, उनले भने, ‘रामधुनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८२–८३ को बजेटमार्फत सङ्ग्रहालय मर्मत तथा रङरोगनका साथै केही सामग्री थपका लागि सात लाख रुपैयाँ विनियोजन गरेको छ ।

नगरपालिकाले हरेक वर्ष सङ्ग्रहालयका लागि बजेटको व्यवस्था गर्दै आएको छ । सग्रङ्हालयमा विदेशी पर्यटक समेत आउने गरेको बताउँदै वडा सदस्य चौधरीले यसको पर्याप्त प्रचारप्रसार नहुँदा ओझेलमा पर्दै गएको बताए ।

सङ्ग्रहालयभित्र थारू समुदायको जन्मदेखि मृत्यु संस्कारसम्मका विविध सांस्कृतिक र ऐतिहासिक पाटो मूर्ति र कलात्मक संरचनामार्फत चित्रण गरिएको छ ।रासस

Government of Madhesh Province
Ministry of Land Management, Agriculture and Cooperatives
Directorate of Agriculture Development
Agriculture Knowledge Center, Parsa
Birgunj, Parsa

Invitation for Bids
Date of Publication: 2025-November-04

1. Agriculture Knowledge Center, Parsa invites electronics bids from eligible bidders for the construction works enlisted below:

| S.No. | Contract No. | Desrciption of Work | Estimated Amount Without Contingency (Including VAT) | Bid Security Amount (Nrs.) | Bid Validity Period | Payment Nonrefundable Amount |
|---|---|---|---|---|---|---|
| 1 | AKC/NCB/W/01/082/083 | *KARYALY PACHADI RAHEKO AWAS BHAWAN KO MARMAT SAMBHAR* | **35,68,612.47/-** | 1,00,000/- | 120 Days | 3000.00 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp.

| Last Date & Time for Bid Purchase and Bid Submission | Date and Time for Bid Opening |
|---|---|
| Date: A.D. 2025/12/05 | Date: A.D. 2025/12/05 |
| Time: At 12:00 pm | Time: At 13:00 pm |

3. Eligible Bidders may refer PPMO's website:www.bolpatra.gov.np/egp. For further information

....................................
CAO

# करारका कर्मचारीद्वारा सबै वडामा तालाबन्दी




**मधेशदृष्टि**
**रौतहट ।**

कटहरिया नगरपालिकासहित सबै वडा कार्यालयमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीले तलब–भत्ता माग गर्दै शुरु भएको तालाबन्दी र आन्दोलन छैटौँ दिनसम्म जारी छ ।

लामो समयदेखि बक्यौता तलब र सेवासुविधा नपाएको भन्दै कर्मचारीहरूले दोस्रोपटक नगरपालिका कार्यालयदेखि वडा नं. १ देखि ९ सम्मका सम्पूर्ण कार्यालयहरूमा तालाबन्दी गरेका हुन् । लगातार ६ दिनदेखि कार्यालय बन्द हुँदा सेवाग्राही अत्यावश्यक प्रशासनिक कामका लागि बिचल्लीमा परेका छन् । नागरिकता, जन्म–मृत्यु दर्ता, सामाजिक सुरक्षा भत्ता, र अन्य सेवा लिन आएका स्थानीय वडा कार्यालय बन्द भएपछि निराश हुँदै फर्किन बाध्य भएका छन् ।

आन्दोलनरत कर्मचारीले माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । उनीहरूका अनुसार, पटकपटक आश्वासन दिइए पनि तलब–भत्ता भुक्तानीको प्रक्रिया अघि बढाइएको छैन ।

नगर प्रमुख अजय प्रकाश जयसवालले प्रमुख प्रशासकीय अधिकृतलाई तलब निकासा गर्न निर्देशन दिएको दाबी गरे पनि अधिकृत गणेश नेपाली सरुवा लिएर रमाना भइसकेको बताइएको छ । आन्दोलनरत कर्मचारीहरूले भने मेयरकै बदनियतका कारण समस्या समाधान हुन नसकेको आरोप लगाउँदै आएका छन् । 'हामीले गतपटक पनि विश्वास गरेका थियौँ, तर फेरि झुक्याइयो,' आन्दोलनरत कर्मचारी मुकुन्द यादवको भनाइ छ ।

यसअघि दशैं सकिए लगत्तै करार तथा ज्यालादारी कर्मचारीहरू आन्दोलनमा उत्रिएका थिए । आन्दोलन तीव्र बन्दै गएपछि नगरप्रमुख जयसवालले तिहारअघि तलब–सुविधा उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि उनहरूले आन्दोलन स्थगित भएको थियो । तर, सम्झौता कार्यान्वयन नभएपछि कर्मचारीहरू पुनः गत कार्तिक १२ गतेबाट आन्दोलित बनेका हुन् ।

यसैबीच, कटहरिया–४ बलिरामपुरस्थित दलित प्राथमिक विद्यालयमा पनि अभिभावकहरूले अनिश्चितकालीन तालाबन्दी गरेका छन् । विद्यालयका प्रधानाध्यापक प्रभु महतो र विद्यालय व्यवस्थापन समिति अध्यक्षले पाँच वर्षदेखि आर्थिक हिसाबकिताब सार्वजनिक नगरेको र तीन वर्षदेखि २ सय ७३ विद्यार्थीको छात्रवृत्ति वितरण नगरेको आरोप लगाउँदै अभिभावकहरूले विद्यालयमा तालाबन्दी गरेका हुन् ।

अभिभावकहरूका अनुसार, विद्यालयमा पारदर्शिता नहुँदा विद्यार्थीको पढाइ प्रभावित भएको छ । 'बच्चाहरूको छात्रवृत्ति कहाँ गयो भन्ने नै थाहा छैन,' एक अभिभावकले बताइन्, 'अब हिसाबकिताब सार्वजनिक नभएसम्म विद्यालय खुल्ने छैन ।'

प्रधानाध्यापक प्रभु महतोले अभिभावकहरूसँग छलफल गरेर समस्या समाधान गर्ने आश्वासन दिए । उनले विद्यालय सञ्चालन र आर्थिक पारदर्शिताबारे सहमति जुटाउने प्रयास भइरहेको बताए ।

# बाढीपीडितलाई राहत दिन ज्ञापनपत्र



**मधेशदृष्टि**
**रौतहट।**

आम जनता पार्टी (आजपा)ले बाढीपीडित किसान एव्म सर्वसाधारणलाई राहत तथा मुआब्जा उपलब्ध गराउन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारसँग माग गरेको छ। आजपा रौतहट क्षेत्र नं.. १ क्षेत्रीय कमिटीले सोमबार रौतहट जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई ज्ञापनपत्र बुझाउदै बाढीपीडितलाई न्याय र किसानलाई राहत तथा मुआब्जा उपलब्ध गराउन माग गरेको हो।

रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारीलाई आजपाले ज्ञापनपत्र बुझाउँदै बाढीपीडितलाई न्याय तथा किसानलाई राहत एवम् मुआब्जा उपलब्ध नगराए आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ।

आजपानिकट आम उद्योग बाणिज्य संघका केन्द्रीय अध्यक्ष एवम् नेता साजन जयसवालको नेतृत्वमा ज्ञापनपत्र बुझाउन गएको टोलीले आफूहरुको माग यथासिघ्र सम्बोधन गर्न माग गर्दै किसान एवम् सर्वसाधारणलाई न्याय दिने कार्यमा ढिलाई भए आन्दोलनमा उत्रिने चेतावनी दिएको हो।

'हालैको बाढी र अबिरल वर्षाका कारण जिल्लाका विभिन्न गाउँ डुबानमा परेका छन्। धेरै किसानको खेतबारी, बाली, घर र पशु सम्पत्ति नष्ट भएको छ । बाढीपीडितहरू अस्थायी टहरामा बस्न बाध्य भएका छन् र खाद्यान्न, लत्ताकपडा र औषधीको अभावमा कष्टकर जीवन व्यतीत गर्दैछन् । यस्तो अवस्थामा सरकारले न्याय दिनुपर्ने हाम्रो माग हो,' आजपा सचिवालय सदस्य समेत रहेका जयसवालले बताए।

यसैगरी दीर्घकालीन समाधानका लागि नदी तटबन्ध र जलनिकास प्रणाली सुधार गर्नुपर्ने लगायतका माग आजपाले सरकारसँग गरेको छ । आजपा नेताहरु अमित साह, श्रीभगवान पटेल, अनिल झा, जयलाल महतो, दिनेश सहनी, कार्तिक जयसवाल, राजेश साह, महेश यादव लगायतका नेता जिल्ला प्रशासन कार्यालय गौरमा ज्ञापनपत्र बुझाउन पुगेका आम जनता पार्टीका सचिवालय सदस्य कार्यक्रममा उपस्थित सचिवालय सदस्य रामशरण यादवले बताए।

# प्रमुख र प्रशासकीय अधिकृतविरुद्ध अख्तियारमा उजुरी

**मधेशदृष्टि**
**रौतहट।**

माधवनारायण नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतमाथि नगरपालिकालाई आर्थिक नोकसानी पुर्याएर भ्रष्टाचार गरेको आरोप लगाउदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लिखित उजुरी परेको छ।

आयोगको कार्यालय काठमाडौँमा परेको लिखित उजुरीमा माधवनारायण नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत इन्जिनियर नागेन्द्र राय यादवसमेतको मिलेमतोमा नगरपालिकाको बजेट रकम व्यापक अनियमितता गर्नुको साथै कामै नगरी फर्जी बिल भर्पाई बनाएर आर्थिक अनियमितता गरेको र विभिन्न शीर्षकमा अस्वाभाविक खर्च गरी सरकारी सम्पत्ति हिनामिना एवम् नोक्सानी पुर्याएकोमा भ्रष्टाचार निवारण ऐनबमोजिम आवश्यक छानबिन तथा अनुसन्धान गरी निजसहित दोषीहरुलाई कानूनी कारबाही गर्न माग गरिएको छ।

२०७८–७९ मा मेयरमा निर्वाचित भएपछि बैजनाथ प्रसाद यादवले आफूअनुकुलका प्रमुख प्रशासकीय अधिकृत ल्याएर काम गराउने गरेको र कुनै अधिकृतले काम नगरेमा सरुवा गराएर अर्का ल्याउने गरेको, अमियमितताको पोल खुल्ने डरले कतिपयलाई हाजिर नै हुन नदिनुको साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटाइएका अधिकृतलाई काम गर्न नदिइ अवरोध सृजना गर्ने गरेको आरोप उजुरी पत्रमा उल्लेख छ।

माधवनारायण नगरपालिका–३ का स्थानीय बासिन्दा आशितोषकुमार यादवले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएका उजुरी पत्रमा नातामा ससुरा पर्ने इन्जिनियर नागेन्द्रलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाएर नगरपालिकामा ल्याई व्यापक अनियमितता हुने गर्दै आएको छ।

१२ बुँदे आरोप पत्रसहित आयोगको कार्यालय टंगालमा दिइएको उजुरी पत्रमा प्रमुख दोषी मेयर यादव र निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव रहेको हुँदा निजहरुले गरेका कार्यहरुको यथार्थ रुपमा छानबिन गरी दोषीविरुद्ध कारबाही गर्न माग गरिएको छ।

गोप्य रुपमा प्रशासकीय भवनको टेन्डर, २० प्रतिशत कमिसन लिएर मात्रै उपभोक्ता समितिलाई भुक्तानी दिने गरेको, विकास योजनालाई बढी कमिसनका लागि टुक्रे योजनामा बाँडेर विभिन्न संघ संस्थालाई कोटेसन दिएर नगरपालिकामाथि आर्थिक व्यय भार थुपारेको, संघ र प्रदेश सरकारबाट आएका सशर्त अनुदानको रकममा नक्कली बिल बनाएर भुक्तानी गरेको, सडक बत्ती न्यून दरमा खरिद गरेर १० गुणा बढी रकम भुक्तानी गराएको, सवारी साधनको दुरुपयोग गर्दै इन्धनमा लुटखसोट मचाई नगरपालिकालाई हानीनोक्समनी पुर्याउदै आएको, आर्थिक सहायताको नाममा पदाधिकारीहरु स्वयम् होटलबाजी गर्ने गरेको, सामाजिक सुरक्षा भुत्ता वितरण प्रणालीमा पनि व्यापक अनियमितता सहितका १२ बुँदे आरोप पत्र आयोगको कार्यालयमा दर्ता गरिएका छन्।

आयोगका कार्यालयमा सि शून्य दुई एक दुई तीन चार दर्ता नम्बर भएको जानकारी दिँदै निवेदक यादवले माधवनारायण नगरपालिकामा जारी रहेका चरम आर्थिक अनियमितताको कारण नगरपालिकामाथि आर्थिक बोझ बढ्दै गएकोमा दुःख व्यक्त गर्दै निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले काम गरेका उपभोक्ता समितिका पदाधिकारीसँग कमिसनबापतको रकम माग गरेको अडियो संवादसमेत राखेर उजुरी दिइएको बताए।

# मोटरसाइकल बेच्दै गर्दा दुई पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**

फतुवा विजयपुर नगरपालिका–८, विजयपुर चोक नजिकै चोरीको शङ्कास्पद मोटरसाइकल बिक्री गर्न खोज्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा चन्द्रनिगाहपुर नगरपालिका–८, बेतावना टोलका ३४ वर्षीय रामलाल पासवान र कटहरिया नगरपालिका–५, बलिरामपुर टोलका ४९ वर्षीय परमानन्द महतो छन् । इलाका प्रहरी कार्यालय लक्ष्मिनिया, विजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादव नेतृत्वको टोलीले आइतबार राति करिब साढे ८ बजेतिर उनीहरूलाई दुईवटा मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो । रौतहट प्रहरी प्रमुख एसपी रबिन कार्कीका अनुसार, उनीहरू मधेश प्रदेश ०५–००१ प ०३९१ र बिआर ०६ सिएन ८८५२ नम्बरका मोटरसाइकलमा आएका थिए र स्थानीयहरूसँग बिक्रीबारे कुरा गरिरहेका थिए। स्थानीयलाई शङ्का लागेपछि प्रहरीलाई खबर गरिएको थियो । सूचना पाउनेबित्तिकै प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले विजयपुर चोकबाट करिब १ सय मिटर पूर्व रमेश भट्टराईको घर नजिकै दुवै जनालाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको जनाएको छ । इलाका प्रहरी कार्यालय लक्ष्मिनीया, विजयपुरले पक्राउ परेकामाथि थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिएको छ।

# श्रोत नखुलेको २३ लाख रुपैयाँ बरामद

**मधेशदृष्टि**
**सप्तरी।**

शुरुङ्गा नगरपालिका वडा नं. २ कार्यालय अगाडि सगरमाथा राजमार्गस्थित गाईघाट कदमाहा सडक खण्डबाट स्रोत नखुलेको नगद रकम नेपाली कागजी नोट १ हजारका १ हजार ३ सय ९९ थान र ५ सयको १ हजार ८ सय २ थान बरामद भएको छ। २३ लाख रुपैयाँ नगदसहित ६० हजार रुपैयाँ बराबरको सामानसहित झापा, दमक नगरपालिका–५ का २८ वर्षीय किरण सिटौला र सोही स्थानका १९ वर्षीय धिरज प्रसाइलाई आइतबार बेलुका प्रहरीले नियन्त्रणमा लिएको हो । कदमाहाबाट गाईघाट जाँदै गरेको बाप्र०१–०२८ च ५००८ नम्बरको पिकअप गाडी चेक जाँच गर्दा स्रोत नखुलेको नगद र सामान भेटिएको हो।

र साइकलमा हावा भर्ने पम्प १ सय थान, इलेक्ट्रिक रिक्साको मोटर ३ थान, इलेक्ट्रिक साइकलको ब्याट्री ३१ थान, इलेक्ट्रिक स्कुटरको ब्याट्री ३ थान, इलेक्ट्रिक ब्याट्री चार्जर ७ थान र ब्याट्री टेस्टर १ थान पनि बरामद भएको प्रहरीले जनाएको छ।


**नेपाल सरकार**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्

### करार सेवामा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०७/१७

बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्को ऐन २०५५ को दफा ८ (च) बमोजिम स्वीकृत दरबन्दिमा अर्को ब्यवस्था नहुन्जेल सम्मको लागि आवश्यक करार सेवामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम न्युनतम योग्यता पुगेका नेपाली नागरिकबाट यो सुचना प्रकाशित भएको मितिले (७) सात दिनभित्र तपसिल बमोजिमको विवरण र फारम दस्तुर वापत रु २५० नगदै/बैंक भौचर साथ यस परिषद्को सम्पर्क कार्यालयमा तोकिएको समयभित्र रितपूर्वको आवेदन फारम पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | स्तर/श्रेणी | सेवा | संख्या | शैक्षिक योग्यता | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१/०८२ /०८३ | शाखा अधिकृत | रा.प तृतीय | प्रशासन | १ | स्नातक तह उतिर्ण वा सो सरह | १०००।०० | |
| ०२/०८२ /०८३ | लेखापाल | रा.प.अं प्रथम | प्रशासन (लेखा) | १ | प्रविनता प्रमाण पत्र तह वा सो सरह | ७००।०० | |
| ०३/०८२ /०८३ | सिभिल ईन्जिनियर | रा.प तृतीय | प्राविधिक | १ | स्नातक तह उतिर्ण (सिभिल इन्जिनियरिङ) | १०००।०० | |
| ०४/०८२ /०८३ | सब ईन्जिनियर | रा.प.अनं. प्रथम | प्राविधिक | २ | प्रविनता प्रमाण पत्र तह वा डिप्लोमा ईन्जिनियरिङ् सो सरह | ७००।०० | सिभिल ईन्जिनियर- १ ईलेक्ट्रिकल ईन्जिनियर- १ |
| ०५/०८२ /०८३ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | १ | प्रविनता प्रमाण पत्र तह वा सो सरह | ७००।०० | |
| ०६/०८२ /०८३ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | २ | एस.एल.सि/एस.ई.ई उतिर्ण वा सो सरह | ५००।०० | |
| ०७/०८२ /०८३ | सहायक कम्प्युटर अपरेटर | रा.प.अनं.द्वितीय | प्राविधिक | १ | एस.एल.सि/एस.ई.ई उतिर्ण वा सो सरह | ५००।०० | ६ महिना अवधिको कम्प्युटर सम्बन्धि तालिम प्राप्त । |
| ०८/०८२ /०८३ | हलुका सवारी चालक | श्रेणी बिहिन | मेकानिकल | १ | साधारण लेखपढ | ४००।०० | लाईसेन्स प्राप्त गरी कम्तिमा २ बर्ष अनुभव भएको । |
| ०८/०८२ /०८३ | कार्यलय सहयोगी / सांस्कृतिक प्रहरी | श्रेणी बिहिन | साधारण लेखपढ | १५ | साधारण लेखपढ / सम्बन्धित कामको तालिम प्राप्त गरेको | ३००।०० | अनुभव भएको लाई प्राथमिकता दिईने छ । |

१. दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरु :
  क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
  ख) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
  ग) कार्य अनुभव भए सोको कागजात ।
  घ) नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमणपत्रको प्रतिलिपी (ईन्जिनियरिङ्गको लागी)
  ङ) सांस्कृतिक प्रहरीको लागी तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि ।
  च) पासपोर्ट साईजको फोटो २ प्रति, पेश गरेको सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गर्नुपर्ने छ ।
२. उमेर : अधिकृत स्तरको लागि : २१ वर्ष पुराभई ३५ वर्ष ननाघेको अन्यको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला र अपाङ्गको हकमा १८ वर्ष पुरा भई ४० ननाघेको ।
३. दरखास्त दिने अन्तिम मिति: २०८२/०७/२३ गते कार्यलय समय भित्र (सोदिन विदा परेमा त्यसको भोलि पल्ट ।)
४. फारम दस्तुर/परिक्षा दस्तुर बुझाउने बैंक : कृषि विकास बैंक, जनकपुर, खाता नं: १००५८००४३५०२२०१५
५. छनौटको प्रक्रिया : अन्तर्वाता तथा प्रयोगात्मक माध्यमबाट ।
६. सेवा सुविधा : नेपाल सरकारको प्रचलित कानुन अनुसार ।
७. अर्न्तवार्ता मिति : पछि सुचना प्रकासित गरिने छ ।
८. सम्पर्क मिति : २०८२/०७/२४ गते
९. सम्पर्क स्थान : बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्को कार्यालय, जनकपुरधाम, वेब साईट : www.gjadc.org.np, E-Mail : gjadcjnk2055@gmail.com
९. पदावधी : करार अवधि एक पटकमा बढिमा छ महिना कायम रहने छ ।
१०. यसमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्, जनकपुरधाम**

## सम्पादकीय

# दलित बालबालिकालाई विद्यालय पुर्याउन घरदैलो

सिरहाका सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी दलित र विपन्न समुदायका भए पनि उनीहरूको विद्यालयमा नियमित उपस्थिति नदेखिएपछि समस्या भएको छ। लहान–११ स्थित पिडरबोनी माध्यमिक विद्यालयले दलितका छोराछोरीलाई विद्यालयमा आउने वातावरण बनाउन शैक्षिक जागरणको 'घरदैलो' अभियान चलाएको छ।

प्रधानाध्यापक र शिक्षकहरूको टोली दलित बस्ती पुगेर अभिभावकलाई आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउन प्रेरित गरिरहेका छन्। जब कि, न यो विद्यालय भर्ना अभियानको समय हो, न नयाँ शैक्षिक सत्र चलिरहेको छ । प्रधानाध्यापक वीरेन्द्रकुमार यादवले विद्यालयको जिम्मेवारी सम्हालेको तीन महिनाको अवधिमा अधिकांश दलित समुदायका विद्यार्थी बढी अनुपस्थित रहने गरेको पाइएपछि सुधार गर्न अभियान थालिएको बताए।

विद्यालयमा विद्यार्थी संख्यामा अधिकांश दलित समुदायका विद्यार्थी छन्। तर चाहे अनुसारको शैक्षिक सुधार गर्न कठिनाइ भएपछि दलित बस्तीमै पुगेर बालबालिकालाई नियमित विद्यालय पठाउन उत्प्रेरित अभियान चलाउनु परेको हो । अभियानक्रममा दलित बस्तीमा सामाजिक चेतनाको अभावका कारण बालबालिका विद्यालय पठाउन उत्सुक अभिभावक नपाइएको भेटिएको छ। समाजमा पछि परेका समुदायलाई मुक्ति दिलाउने एक मात्र हतियार शिक्षा भएकाले सम्पूर्ण सरोकारवालालाई चेतना अभिवृद्धि गर्नतर्फ अग्रसर भइदिन पनि विद्यालय परिवारको आग्रह छ।

दैलोमा आएर नियमित विद्यालयमा विद्यार्थी पठाउन विद्यालयका प्रअ शिक्षकहरूले आएर दिएको जनचेतनाले अब नियमित विद्यालय पठाउने स्थानीय अभिभावक रामउद्गार मरिकले प्रतिबद्धता व्यक्त गरे। निम्न वर्गका समुदायलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको महसुस भएको पनि उनले सुनाए। दलितका छोराछोरी पढे–नपढेको हेर्ने चलन पनि नभएको यो अनुभवले बताउछ। मधेश प्रदेशका डुम र मुसहर समुदायका बालबालिका अझै पनि विद्यालयभन्दा टाढा छन्। दलित विद्यार्थीलाई विद्यालयमा नियमित गराउने सम्बन्धमा पिडरबोनी माविको प्रयासको प्रशंसनीय छ।

# महिनावारीसँग जोडिएको स्वास्थ्य



डा. अरुणा उप्रेती

*व्यायाम गर्ने महिलाहरुलाई रजोनिवृत्ति भएपछि शरिर एकैछिनमा तातो हुने, एकैछिनमा चिसो हुने समस्या पनि केही कम गर्छ । ''५० वर्ष पुगेपछि मेरो घुँडा दुख्ने समस्या भएको थियो, महिनावारी पनि सुक्यो। तर विस्तारै व्यायाम गरेपछि दुखाई कम हुन्छ। अहिले मैले नियमित रुपमा योग गर्न थालेको छु। मलाई रमाइलो लाग्छ'', ६० वर्षीय निलिमाले भनेको कुरा मलाई साह्रै घत लागेको थियो । व्यायामलाई बोझको रुपमा नलिएर आफूलाई फाइदा पु¥याउँछ भन्ने विश्वास गरेपछि अलिअलि गर्दै व्यायाम गर्ने बानी पर्दै जान्छ, स्वस्थ भइन्छ। रजोनिवृत्ति समस्या बन्दैन।*

किशोरी र महिलाको महिनावारीका बारेमा अनेक वृत्तचित्र, चलचित्र बनेका छन् र ४०–४५ वर्षपछि महिलाको रजनोवृत्ति अर्थात् महिनावारी बिस्तारै सुक्दै जाने समस्याका बारेमा न त प्रायः छलफल हुन्छ, न यसका बारेमा महिला स्वास्थ्यसम्बन्धी अनुसन्धान गरिन्छ। महिनावारी सुक्नु रोग होइन तर जसरी महिनावारी हुँदा कसैकसैलाई साधारण समस्या हुन सक्छ, महिनावारी सुक्दा पनि साधारण समस्या देखापर्नु स्वाभाविक हो भनेर बुझ्नसके महिलालाई सजिलो हुने थियो। 'मेरो महिनावारी ४५ वर्षमा सुकेको थियो। पहिले त मलाई केही तातो हुने, खलखली पसिना पनि आउँथ्यो। मलाई मेरो साथीले हर्मोन औषधि दिइन् तर त्यसले मलाई झन् समस्या गरायो । मैले औषधि पनि छोडेँ र मैले त यस अवस्थालाई सामान्य रुपमा लिएको छु । अहिलेसम्म रजोनिवृत्तिका समस्या भएको छैन,' ७५ वर्षीया एक जनस्वास्थ्य विज्ञले केही दिनअघि मलाई इमेलमा लेखेकी थिइन्।

'मेरो महिनावारी सुकेको चार वर्ष भयो । पहिलेपहिले त कहिले दुई–तीन महिनामा हुन्थ्यो । त्यतिबेला केही बढी रगत जान्थ्यो । फापर, ढिँडो, सिस्नो खाएँ। मलाई ढुक्क पो भएको थियो। मलाई कुनै समस्या नै भएन,' गाउँकी एक महिलासँगको भेटमा भनेकी थिइन्।

नेपाली महिलाको महिनावारी सामान्यतया ४५–५२ वर्षको उमेरको हाराहारीमा पुगेपछि बन्द हुन्छ । अन्तरराष्ट्रियस्तरमा अमेरिकी तथा जापानी महिलाका बीचमा अधिकांश रजोनिवृत्तिपछिको अवस्थालाई लिएर धेरै अनुसन्धान भएको पाइन्छ। नेपालमा भने 'मेनोपोज सिमटम इन नेपाल'की डा कान्ति गिरीले सन् २००१ मा काठमाडौँ, भक्तपुर, ललितपुर, कास्की, मकवानपुर र चितवनका १५० महिलामा गरिएको एउटा अध्ययन पाइन्छ। रजोनिवृत्ति वा महिनावारी सुकेपछि कतिपय महिलालाई केही समस्याहरू पर्न सक्छन्। यद्यपि, धेरै महिलालाई केही समस्या पर्दैन। यो कुनै रोग होइन भनेर मानिसहरूले बुझ्न गाह्रो भएकाले र महिनावारी सुकेपछि के औषधि गर्ने भन्ने प्रश्न पनि नेपाली महिलाहरूले गर्छन्।

परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दा पनि महिनावारी गडबड हुन सक्छन्। गाउँघरमा त ५० वर्षसम्म पनि यसरी कतिपय महिलाले डिपो वा नरप्लान्ट (परिवार नियोजनका साधन) प्रयोग गर्दा महिनावारी नै नहुने हुन्छ।

अनि महिनावारी सुकेको हो कि यो साधनको प्रभावले भएको हो भन्ने छुट्याउन नै गाह्रो पर्छ। लगातार यस्तो साधन प्रयोग गर्दा हड्डी 'फुसफुसे' भएर भाँचिने समस्या हुन्छ । त्यसैले ३५ वर्षपछि परिवार नियोजनका साधन प्रयोग गर्दा बढी होसियार हुनुपर्छ। तर यो विषयमा कतै छलफल नै
हुँदैन।

रजोनिवृत्तिको बेला कसैलाई समस्या हुन्छ, कसैलाई हुन्न भनेर जाँच्ने यन्त्र त छैन । तर भोजन, आराम, सकारात्मक विचारले समस्या हुनेलाई पनि, समस्या नहुनेलाई पनि स्वास्थ राम्रो हुन्छ। तर युवावस्थामा शरीरलाई मोटो बनाएर, व्यायाम नगरेर सबै कुरा उमेर ढलेपछि गरौंला भनेर भनियो भने रजोनिवृतिमा समस्या हुन सक्छ । त्यसैले पहिले नै होस पु¥याए राम्रो हुन्छ।

मेरी आमाको ४५ वर्षमा नै रजोनिवृत्ति भयो मेरो १० वर्षअघि ५० वर्षमा नै भयो, केही समस्या नै भएन। तर कसै कसैलाई राति निन्द्रा नलाग्ने, रिस उठ्ने, खान मन नलाग्ने र कसै कसैलाई जिउ चिलाउने र स्तनको आकार सानो हुँदै जान सक्छ। यसको कारण शरीरमा एस्ट्रोजेन नामक हर्मोन कम हुँदै जानु हो। चुरोट र सूर्ती प्रयोग गर्ने महिलाहरूलाई यस्तो समस्या बढी हुने गरेको देखिएको छ। त्यसैले स्वस्थ रहने हो भने गाउँघरका महिलालाई चुरोट र तमाखु छोड भन्नै पर्छ।

तर नेपालको गाउँघरमा महिलाहरुलाई धुरमपान र स्वास्थ्यमा पर्ने असरको बारेमा प्राय थाहा हुँदैन। प्रायः कति जनालाई त थाहा पनि हुँदैन कि महिनावारी बन्द हुने प्रक्रिया एकैपल्टमा हुँदैन । सुरुआतमा महिनावारी कहिले हुने, कहिले नहुने वा दुई–तीन महिना बिराएर हुने गर्छ। यो महिनावारी बन्द हुने प्रक्रिया हो भन्ने नबुझ्दा कतिले त मलाई रोग लाग्यो कि भनेर डराउँछन्। अनि लौ पाठेघरको क्यान्सर भयो भनेर तर्सिन्छन्।

रजोनिवृत्तिको विषयमा भएका अनुसन्धानहरुले के देखाएका छन् भने यस्ता समस्याहरुलाई महिलाहरुको भोजन, शारीरिक व्यायाम, जीवन प्रतिको दृष्टिकोण, मानसिक तनाव आदि कुराले धेरै फरक पार्छ। साथै युवावस्थाको स्वस्थ खानपिनले पनि धेरै भूमिका खेल्छ । जीवनमा पछि पैसा चाहिन्छ भनेर बैंकमा पैसा राख्ने महिलाहरूले रजोनिवृत्ति पनि स्वस्थ रहोस् भनेर युवावस्थादेखि नै स्वास्थ्यमा लगानी गर्नुपर्छ । अर्थात स्वस्थ खाना, स्वस्थ जीवनशैली अपनाउनुपर्छ। कतिपय महिलाले पनि यसलाई उमेरअनुसारको स्वाभाविक प्रक्रिया ठान्दछन् भने कतिपयले धर्म–कर्मतर्फ लाग्ने समयको रुपमा पनि लिएको पाइन्छ । अहिले त रजोनिवृत्ति भइसकेका महिलाहरू अफिसमा काम पनि गरिरहेका हुन्छन्।

रजोनिवृत्तिको अवस्थामा पुगेपछि स्वास्थ्यको विशेष ध्यान राख्नु पर्ने चाहीँ हुन्छ। ३५–४० वर्षको उमेरपछि नै शरीरका हाडमा घनत्व कम हुँदै जान्छ, रजोनिवृति भएपछि या झन बढ्न जाने हुनाले शारीरिक व्यायाम, भोजन आदिमा विशेष ध्यान दिनुपर्छ। विभिन्न अध्ययनले देखाएका छन् तातो हुने धेरै पसिना आउने आदि रजोनिवृत्ति हुँदा हुने समस्यालाई कम गर्न भटमासको प्रयोग गर्नुपर्छ। प्रोटिन र लौहतत्व पाइने र भटमासको विशेष तत्वले मुटुको रोगबाट बचाउन मद्दत पनि गर्छ। शरीरमा एस्ट्रोजनको कमी हुँदै जाँदा छालामा रहेको चिल्लोपन हराउँदै जानसक्छ। यस्तो बेलामा छाला र गुप्ताङ्ग चिलाउने समस्या हुनसक्छ । यस्तो बेलामा तोरी, नरिवल, तिल, बदामको तेल प्रयोग गर्न उचित हुन्छ।

केही महिलाहरूलाई रजोनिवृत्ति अवस्थामा मन दिक्क हुने, मन छिनछिनमा परिवर्तन हुने हुन्छन् । यस्ता परिवर्तन कतिले सजिलै आत्मसाथ गर्न सक्छन् त कतिलाई यस्ता परिवर्तनले चिन्तित बनाउँछ। यस्ता परिवर्तनले कस्तो असर गर्छ भन्ने कुरा महिलाको शारिरीक अवस्था र सम्पूर्ण स्वास्थ्य स्थितिले पनि निश्चित गर्छ। यससँगै ती महिलाको आर्थिक स्थिति, कामकाज, पारिवारिक जीवन, सामाजिक जीवन, परिवर्तनलाई आत्मसाथ गर्नसक्ने क्षमता तथा रीतिरिवाजले पनि निश्चित गर्छ। यो मानसिक रोग होइन तर यस्तो समस्याले धेरै दुःख दिए मनोचिकित्सकसँग परामर्श लिन सकिन्छ।

व्यायाम गर्ने महिलाहरुलाई रजोनिवृत्ति भएपछि शरिर एकैछिनमा तातो हुने, एकैछिनमा चिसो हुने समस्या पनि केही कम गर्छ । ''५० वर्ष पुगेपछि मेरो घुँडा दुख्ने समस्या भएको थियो, महिनावारी पनि सुक्यो। तर विस्तारै व्यायाम गरेपछि दुखाई कम हुन्छ। अहिले मैले नियमित रुपमा योग गर्न थालेको छु । मलाई रमाइलो लाग्छ'', ६० वर्षीय निलिमाले भनेको कुरा मलाई साह्ै घत लागेको थियो । व्यायामलाई बोझको रुपमा नलिएर आफूलाई फाइदा पु¥याउँछ भन्ने विश्वास गरेपछि अलिअलि गर्दै व्यायाम गर्ने बानी पर्दै जान्छ, स्वस्थ भइन्छ । रजोनिवृत्ति समस्या बन्दैन।

रजोनिवृत्ति भएकी महिलालाई मानसिक तनावले पनि समस्या पर्न सक्छ । जस्तो कामको धेरै बोझ भए, धेरै थकाई, दिनदिनै झगडा भएमा, उमेर बढेपछि बुढो भए भनेर चिन्ता गरेमा मानसिक तनाव बढ्न जान्छ । यसरी महिनावारी सुक्दा तनाव धेरै पैदा भए शरीरलाई नै नकारात्मक असर गर्दछ । तनाव कम गर्ने धेरै उपायहरु छन्। कतिपय उपायहरु हामी हाम्रो जीवनमा उपयोग गर्छौं । कतिपय महिलाहरुले तनाव परेका बेला प्राथना गर्ने, योग गर्ने, ध्यान गर्ने, नाच्ने आदि गर्छन् । यस्ता क्रियाकलापले भावना व्यक्त गर्ने र आनन्दको भएर तनाव कम गर्न पनि मद्दत गर्छन् । महिनावारी सुक्ने बेलामा समस्याहरु कम होस् र शरिर स्वस्थ रहोस् भनेर स्वस्थ पोषणको साथै व्यायाम, हिंडाइबाट मानसिक तनाव, अनिन्द्रा, मोटोपन इत्यादि त घटाउँछ नै र आत्मविश्वास पनि बढाउँछ। रासस

# प्रचण्ड–नेपाल एकताको निधोमा दुवैतिर 'विभाजन'

नेकपा माओवादी केन्द्रको शनिवारको बैठकमा नेता जनार्दन शर्माले बिदाइ मन्तव्य जस्तै गरेर आफ्नो धारणा राखेर निस्किएको नेताहरूले जनाएका छन् । नेता हरिबोल गजुरेलले पार्टीबाट अलग हुने सङ्केत दिने गरी शर्माले धारणा राखेको बताए।

'उहाँले पृष्ठभूमि बाँध्दै प्रचण्डसँग लामो राजनीतिक सहकार्य भयो, अब सकिए जस्तो छ भन्ने मन्तव्य राख्नु भएको थियो,' गजुरेलले बताए। शर्मा निकट अर्का नेता सुदन किरातीका अनुसार नेकपा एकीकृत समाजवादीसँगको एकता स्वीकार गर्न उनीहरू तयार छैनन्।

'हामी विगतमा भएका गल्ती र कमजोरीप्रति क्षमा माग्दै अब नदोह¥याउने बाचाका साथ सहिदको सपना र बाँकी अभिभारा पूरा गर्ने गरी अघि बढ्छौँ,' किरातीले बताए । नेकपा माओवादी केन्द्रका नेताहरू शर्मा सहितको समूहले नयाँ पार्टी बनाउनकै निम्ति दस्ताबेज लेखन पनि शुरु गरिसकेको बताउँछन् । 'उहाँहरू टाढा पुगिसके जस्तै छ,' नेता गजुरेलले बताए । पूर्वमन्त्री किरातीले भने अब अवधारणा दस्ताबेज लेखन थाल्ने बताए।

निशानामा किन माधव नेपाल ?

माओवादी केन्द्रभित्र विवाद र मतभेद चलिरहेकै थियो । तर प्रचण्डले जब नेकपा एकीकृत समाजवादीसँग एकता गर्ने निर्णय लिए त्यसले आगोमा घ्यु थप्ने काम गरेको देखिन्छ। नेता राम कार्कीका भनाइमा माधवकुमार नेपालको पार्टी नै बनिसकेको थिएन, त्यो बाटोमै थियो।

'दोस्रो कुरा माधव नेपालजीलाई जुन अभियोग लागेको छ, कम्तीमा अदालतको निर्णय पर्खिन सकिन्थ्यो,' कार्की भन्छन्, 'नवयुवाको सबैभन्दा ठूलो चाहना भनेकै भ्रष्टाचारमुक्त नेपाल, अनि हामीले त्यही मुद्दा लागेका मान्छेलाई शिरमा राख्ने त ?' नेता किरातीले पनि कसैको रक्षा कबजको निम्ति पार्टी एकता गर्न लागिएको बताए।

उनका भनाइमा पार्टीभित्रै पुनर्संरचना र पुनर्गठनका मुद्दाहरू उठेका थिए र त्यसको सम्बोधन गरेर एकताबद्ध पार्टी निर्माण अहिलेको आवश्यकता थियो, त्यसपछि बृहत् वामपन्थी एकता र सहकार्यको कुरा अघि बढाइनु पथ्र्यो।

तर नेता गजुरेलले माधवकुमार नेपालको विषय बहाना मात्र भएको टिप्पणी गरेका छन्।

भुईँको टिप्न खोज्दा पोल्टाको झर्दै ?

कतिपय मानिसहरू प्रचण्डले आफ्नै पार्टीमा विभाजित हुने गरी अरूसँगको एकता रोज्नुलाई भुईँको टिप्न खोज्दा पोल्टाको पोखिने अवस्थासँग चित्रण गर्छन्।

किन कि मोहन वैद्य, नेत्रविक्रम चन्द, बाबुराम भट्टराई लगायतका नेतापछि माओवादी सशस्त्र द्वन्द्वकालदेखिका अन्य नेता पनि अलग हुने अवस्था देखिन्छ।

तर प्रचण्ड निकट नेता गजुरेल जेन जी आन्दोलनपछिको अवस्थालाई २०४६ सालको परिवर्तनपछिको स्थितिसँग जोड्छन्।

'त्यो बेला माओवादी विचार समूहहरूसँग एकता नगरेको भए जनयुद्धको पृष्ठभूमि तयार हुने थिएन,' उनको भनाइ छ, 'अहिले पनि ध्रुवीकरणको नेतृत्व हामीले नगर्दा गलत दिशातर्फ ध्रुवीकरण हुने जोखिम रहन्छ । त्यसैले चौतर्फी ध्रुवीकरणको यो बेला मिल्ने र जुट्ने कुरा स्वाभाविक हो।'

उनका भनाइमा विभाजनको जोखिम देखिए पनि एकताको निर्णयबाट माओवादी केन्द्र अब पछाडि फर्किंदैन।

माओवादी विभाजनपछिको योजना नेता राम कार्की आफूहरूले पहिल्यैदेखि भन्दै आएको 'पुराना सबै पार्टीहरू विघटन भइसकेको र उनीहरू सबै यथास्थितिवादी रहेको' बिचारसँग अहिलेको परिस्थितिसँग जोड्छन् । उनका भनाइमा अहिले सुकुम्वासी, असङ्गठित मजदुर र थोरै तलबमा जीवनयापन गर्नेहरूको पार्टीनै छैनन् ।

'अहिलेका पार्टी कसैलाई सोध्नुस्, १५ वर्षपछि कस्तो नेपाल बनाउनुहुन्छ, कस्तो शिक्षित जनशक्ति चाहिन्छ, कृषि र उद्योग नीति के हो र शिक्षामा कस्तो परिवर्तन चाहनुहुन्छ, केही पनि छैन,' उनी भन्छन्, 'त्यसैले हामी अग्रगामी प्रगतिशील सोच सहितको अभियान चलाउँछौँ।'

अब नयाँ आधारमा नयाँ पार्टी बन्ने उनको भनाइ छ । त्यसको निम्ति विभिन्न छलफलहरू चलाउने उनले जानकारी दिए । 'अब विभिन्न सामाजिक वर्गले आआफ्नो राजनीतिक प्रतिनिधि छान्ने बेला आयो,' कार्कीको विश्लेषण छ।

प्रचण्डले माओवादी छाडेको भन्दै असन्तुष्टि उत्पन्न भएको पनि कतिपयको बुझाइ पाइन्छ । माओवादी केन्द्रको सङ्गठनमा बलियो पकड रहेको बताइने जनार्दन शर्माले असन्तुष्ट पक्षको नेतृत्व गर्ने र नेत्रविक्रम चन्द लगायतका दलहरूसँग एकताको पहल गर्ने आकलन पनि पाइन्छ।

तर नेता गजुरेलले शर्माको साङ्गठनिक पकड बिस्तारै कमजोर भएको दाबी गर्दै भने, 'माओवादी छाड्ने गरी नेकपा एमालेसँग एकीकरण गर्दा दस्ताबेज तयार गर्ने काम उहाँले गरेको हो, त्यस बेला पनि पार्टीको विधि र प्रक्रिया ख्याल नगरिएकै हो।'

दुवैतर्फ चिराचिरा ?

शर्मा निकट मानिने कोशी प्रदेश सभाका सदस्य इन्द्र आङ्बोले पार्टी एकताको निर्णयको पक्षमा उभिएको बताए । उनले भने, 'हामीले पनि जनार्दनजीले उठाउँदै आएको मुद्दाहरूलाई साथ दिइरहेकै हो, अहिले पनि ती विषयवस्तु सहित एकता गरौँ, त्यहीँ छलफल गरौँ, त्यहीँ लडौँ भन्ने हाम्रो धारणा हो । तर एकताको विपक्षमा उभिने कदमलाई साथ दिन सकिन्न ।' उनले शर्मा लगायतका नेताको अडानले विभाजनको बाटो लिएको देखिएको बताए।

'उहाँहरूले यो एकता स्विकार्दिनँ भन्ने, अनि एकता हुने निश्चित भइसकेपछि त अलि टाढै पुग्ने भइहाल्यो,' नेता आङ्बोले बताए। एकता घोषणा कार्तिक १९ गते गर्ने निर्णय भएको छ । त्यसमा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी सहित ८ वटा पार्टी र समूह छन् । माओवादीमा जस्तै नेपालको पार्टीमा पनि विग्रह देखिएको छ । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल लगायतका नेताहरू पनि एकताभन्दा बाहिर नै छन् । उनीहरू पार्टी पुनर्गठन गर्ने योजनामा रहेको बताइन्छ।

तर एकताको निर्णयमा असहमत देखिएका कतिपय नेताहरूले उनीहरूलाई पनि साथ नदिने निर्णयमा पुगेको बताएका छन् । 'हामी कि एकतालाई साथ दिन्छौँ, कि पुरानै घर एमालेमा फर्किन्छौँ,' पूर्व सांसद किसान श्रेष्ठले भने, 'साथीहरूसँग छलफलमै छौँ, मूल घरमा फर्किन पनि बाटोघाटो चार लेनको पिच हुनुप¥यो।'

तल्लो तहदेखिका नेता कार्यकर्ताले एमालेमै फर्किनु पर्ने दबाव दिइरहेको उनले जनकारी दिए। 'तर बीचमा अल्झिन्नौँ, जता गए पनि एक्सप्रेस बस चढेर हिंड्छौँ,' नेता श्रेष्ठले योजना सुनाए। बीबीसी

# कार्यवाहक राष्ट्रपति यादव र जर्मन राजदूत भोल्जबीच भेट



**काठमाडौँ ।**
कार्यबाहक राष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि सङ्घीय गणतन्त्र जर्मनीका राजदूत उदो युगेन भोल्जले सोमबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन् । भेटका अवसरमा दुई देशबीचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्ध, आपसी सहयोग, विकास साझेदारी, लगानी, व्यापार तथा पर्यटन प्रवद्र्धनलगायतका विषयमा छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

कार्यवाहक राष्ट्रपति यादवले नेपाल र जर्मनीबीच सन् १९५८ मा दौत्य सम्बन्ध स्थापना भएयता कायम रहेको आपसी विश्वास र सहयोगप्रति सन्तोष व्यक्त गरेका थिए । उनले उच्चस्तरीय भ्रमण, विकास साझेदारी, जनस्तरको सम्बन्ध, लगानी तथा पर्यटन क्षेत्रलाई दुई देशबीचको सम्बन्धका आधारस्तम्भका रूपमा उल्लेख गरे ।

जेन्जी आन्दोलनपछि नेपालको लोकतान्त्रिक यात्राले नयाँ गति लिएको उल्लेख गर्दै कार्यवाहक राष्ट्रपति यादवले उत्तरदायी, जवाफदेही र भ्रष्टाचारमुक्त शासनप्रति जनआकाङ्क्षा राष्ट्रिय एजेण्डाका रूपमा स्थापित भएको बताए । उनले आगामी ५ मार्च २०२६ मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्ने सरकारको प्राथमिकताबारे समेत जानकारी दिए ।

सङ्घीय गणतन्त्र जर्मनी नेपालका प्रमुख विकास तथा व्यापार साझेदारमध्ये एक रहेको उल्लेख गर्दै कार्यवाहक राष्ट्रपति यादवले सन् १९६१ देखि प्राप्त हुँदै जर्मन सहयोगप्रति धन्यवाद व्यक्त गरे । उनले जलवायु परिवर्तनजस्ता अन्तरराष्ट्रिय मुद्दामा जर्मनीले बहुपक्षीय मञ्चमा खेलेको भूमिकाको प्रशंसा गर्दै भविष्यमा पनि आपसी हितका विषयमा सहकार्य जारी रहने विश्वास व्यक्त गरे ।

नेपालले आगामी वर्ष अतिकम विकसित मुलुकबाट स्तरोन्नति भई सन् २०३० सम्म मध्यम आय भएको मुलुक बन्ने लक्ष्य लिएको उल्लेख गर्दै कार्यवाहक राष्ट्रपति यादवले उक्त लक्ष्यलाई दिगो बनाउन जर्मनीलगायत विकास साझेदारहरूको पूँजी, प्रविधि, लगानी र आर्थिक साझेदारी आवश्यक रहेको बताए ।

जर्मनीका राजदूत उदो युगेन भोल्जले नेपाल–जर्मनी सम्बन्ध अत्यन्तै घनिष्ट र बलियो रहेको उल्लेख गर्दै नेपालको सरकारलाई जर्मनीको निरन्तर समर्थन र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।रासस

# 'सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुस्'



\काठमाडौँ।
प्रधानमन्त्री सुशीला कार्कीले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्न निर्देशन दिएका छन् । उनले नयाँ पुस्ताले सुम्पेको समृद्धि, विकास, सुशासन, समानता र भ्रष्टाचारविहीन शासकीय प्रबन्धको सुनिश्चितता गर्न निर्देशन दिएका हुन ।वर्तमान सरकार गठन भएपछि सम्पन्न भएका कार्यप्रगतिको विवरण दिन सोमवार आयोजित मन्त्री र सचिवहरूको बैठकमा प्रधानमन्त्री कार्कीले गत भदौ २३ र २४ गतेको आन्दोलनको मर्म र भावनाबमोजिम नतिजामुखी हुन मातहतका निकायलाई निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।'भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्नेगरी सबै मन्त्रालयहरूले 'ब्लुप्रिन्ट' तयार गरी कार्यान्वयन गर्नुहोस', प्रधानमन्त्री कार्कीले भने, 'निजी क्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्नुहोस्।'

आम नागरिकमा सरकारप्रतिको भरोसा वृद्धि गर्ने एवं निजामती कर्मचारी र सुरक्षाकर्मीहरूमा मनोबल वृद्धि गर्ने उपायहरू अवलम्बन गर्नुपर्नेलगायतका १४ बुँदे निर्देशन दिँदै उनले कर्मचारीहरूको सरुवा बढुवा प्रणालीलाई व्यवस्थित गरी अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाउने उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिएकी छन्।

'आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको क्षति तथा नोक्सानीको प्रतिवेदन तत्काल तयार गरी पुनर्निर्माणको नीति र कार्ययोजना बनाउनुहोस', प्रधानमन्त्री कार्कीले भनिन, 'भौतिक संरचना मेसिनरी औजार तथा उपकरणमा पुगेको क्षतिबाट सेवा प्रवाह अवरुद्ध हुन नदिन तत्काल खरिद वा वैकल्पिक सेवा प्रवाहको व्यवस्था गर्नुहोस्।'

निर्वाचनको वातावरण बनाउन आफूले निर्वाचन आयोग, सुरक्षा निकाय राजनीतिक दल र अन्य सरोकारवालाहरूसँग निरन्तर संवाद गरिरहेको जानकारी दिँदै उनले निर्वाचनको पूर्वतयारीका लागि आआफ्ना जिम्मेवारीका कार्यहरूलाई चुस्त दुरुस्त रूपमा सम्पादन गर्न निर्देशन दिईन । प्रधानमन्त्री कार्कीले सबै मन्त्रालयहरूको वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा गर्दै परम्परागत शैलीबाट माथि उठेर नयाँ मानकहरू स्थापनाका लागि आवश्यक पहल गर्न सुझाव दिईन।

आफ्नो अध्यक्षताका अन्तरप्रदेश परिषद्लगायतका सबै परिषद् वा समितिका बैठकका लागि प्रबन्ध मिलाउन निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले नवनियुक्त मन्त्रीहरू र प्रदेशका मुख्यमन्त्रीहरूको उपस्थितिमा कूटनीतिक मामिलासम्बन्धी छलफल आयोजना गर्नसमेत ध्यानाकर्षण गराईन।

प्रदेशमा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने र तीनै तहका सरकारबीचको समन्वयलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक कार्य गर्न निर्देशन दिँदै उनले भनिन, 'कानुनको शासन प्रत्याभूत गर्न सबै खाले आपराधिक क्रियाकलापहरू नियन्त्रण गर्नुपर्नेछ । यसमा कुनै सम्झौता नगर्नुहोस्।'

प्रधानमन्त्री कार्कीले अनावश्यक देखिएका संरचना खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गरी सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त र उच्च उत्पादकत्वयुक्त बनाउने कार्य तत्काल प्रारम्भ गर्न निर्देशन दिएकी छन्।

उनले भनिन, 'तपाईँहरू स्थायी सरकार हो । आफ्नो ज्ञान सीप अनुभवको प्रयोग गरी कर्तव्य र उत्तरदायित्व पालनामा खरो उत्रनु हुनेछ।'रासस

# राष्ट्रपति पौडेल दोहामा



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा यही कात्तिक १८ देखि २० गतेसम्म आयोजना हुने 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन सोमवार दोहा पुगेका छन् ।

राष्ट्रपति पौडेल कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सो सम्मेलनमा सहभागी हुन प्रथम महिला सविता पौडेलसहित कतारको दोहा पुगेको उनको सचिवालयले जनाएको छ ।

राष्ट्रपति पौडेललाई दोहास्थित हमाद अन्तरराष्ट्रिय विमानस्थलमा कतारका विदेश मन्त्रालय र त्यहाँस्थित नेपाली राजदूत रमेशचन्द्र पौडेललगायत दूतावासका उच्चपदस्थ पदाधिकारी संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले स्वागत गरेका थिए ।

राष्ट्रपति पौडेलले संयुक्त राष्ट्रसङ्घको महासभाको निर्णयअनुसार कतारको दोहामा हुन लागेको 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन' को मुख्य सत्रलाई कात्तिक १८ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ । साथै, राष्ट्रपति पौडेलले सो सम्मेलनका अवसरमा कतारका अमिर शेख तमिम बिन हमद अल थानी र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायतसँग भेटवार्ता गर्ने छन् ।

यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो । सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेको विकासको असमानता, जनसङ्ख्यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा छलफल हुने बताइएको छ । भ्रमण पूरा गरी राष्ट्रपति पौडेल कात्तिक २० गते स्वदेश फर्किने छन्।रासस

# एमालेले ४० वर्षमुनिकालाई प्रतिनिधि बनाउने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११ औँ राष्ट्रिय महाधिवेशनमा ४० वर्षमुनिका युवालाई प्रतिनिधि बनाइने भएको छ ।

देशभरबाट करिब दुई हजार एक सय जना प्रतिनिधि सहभागी हुने महाधिवेशनमा ४० वर्षमुनिका युवा पनि प्रतिनिधिका रुपमा सहभागी हुने भएका हुन् ।एमाले केन्द्रीय सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीका अनुसार एउटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट चार जना प्रतिनिधि चयन हुनेमा एक जना अनिवार्य भनिएको छ । जसमा दुई जना खुला, एक जना महिला र एक जना ४० वर्षमुनिका युवा गरेर चार जना प्रतिनिधि छनेट हुनेछन् ।

एक प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा एक हजार २०० पार्टी सदस्य बराबर चार जना महाधिवेशन प्रतिनिधि सहभागी हुन पाउने एमालेले निर्णय गरेको छ । उनले मापदण्डअनुसार १६५ निर्वाचन क्षेत्रबाट एक–एक जनाका दरले, अनेरास्ववियु र युवासङ्घ नेपालबाट पाँच–पाँच जनाका दरले ४० वर्षमुनिका प्रतिनिधि सहभागी हुने सुनिश्चित गरिएको बताए ।

अन्य कमिटीबाट पनि प्रतिस्पर्धा गरेर महाधिवेशनमा प्रतिनिधि हुने सक्ने उनको भनाइ छ । महाधिवेशनका लागि एकतिहाइ महिला प्रतिनिधि हुने सुनिश्चिता पनि पार्टीले गरेको छ ।

एमालेले महाधिवेशनका लागि प्रनिनिधि चयन मङ्सिर १३ गते एकैदिन देशैभरि गर्ने निर्णय गरेको छ । एमाले महाधिवेशन आगामी मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुने भएको छ ।रासस

# एक किस्तालाई विवादित रकम मान्नुपर्ने प्रस्ताव

**काठमाडौँ ।**
लामो समयदेखि सुल्झिन नसकेको डेडिकेटेड फिडर र ट्रङ्कलाइनको विद्युत् महसुल बक्यौता विवाद सुल्झाउनका लागि नेपाल उद्योग वाणिज्य महासङ्घले मध्यमार्गी प्रस्ताव गरेको छ ।

विवादबारे सोमबार प्रधानमन्त्री सुशीला कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिल सिन्हा, मुख्य सचिव एकनारायण अर्याल, विभिन्न मन्त्रालयका सचिवहरू र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालसँग छलफल गरेका थिए ।

छलफलका क्रममा डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधानको मध्यमार्गी प्रस्ताव आएको महासङ्घले जनाएको छ । उद्योगीहरूले नेपाल विद्युत् प्राधिकरणले यसअघि महसुल बक्यौता बुझाउने गरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युतको लाइन जोड्ने गरी मध्यमार्गी प्रस्ताव आएको महासङ्घले प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

विज्ञप्तिअनुसार उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरू पुनरावलोकनमा जाने र सँगै अन्य कानुनी उपचार पनि खोज्न सक्नेछन् । त्यस्तै, सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमतिसमेत राखी पुनरावलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्नेछन् । अहिले करिब दुई दर्जन उद्योगको डेडिकेटेड र ट्रकलाइन प्रयोग गरेबापतको प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले विद्युत् लाइन काटेको छ ।रासस

# बागमती प्रदेशसभाको बैठक अनिश्चित

**बागमती ।**
नेपाली कांग्रेस केन्द्रीय समितिको बैठक लम्बिँदा बागमती प्रदेशसभाको बैठक अनिश्चित बनेको छ ।

कांग्रेस केन्द्रीय समितिको बैठक लम्बिएको र सो बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ सहभागी हुनुपर्ने भएकाले प्रदेशसभाको बैठक अनिश्चित बनेको हो ।

लामो समयदेखि बस्न नसकेको बागमती प्रदेशसभाको बैठक कात्तिक तेस्रो साता बस्ने तयारी भए पनि मुख्यमन्त्री बानियाँले पार्टीको केन्द्रीय समितिको बैठकपश्चात् मात्र प्रदेशसभाको बैठक बोलाउने बताएकाले बैठकको मिति तय हुन नसकेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिए ।

प्रदेशसभाको बैठकका लागि बागमती प्रदेशका उपसभामुख अपसारा चापागाईंले प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुसँग परामर्श गरिरहेका र उनिसँगको परामर्शपश्चात् प्रदेशसभाको बैठकको मिति तय हुने सचिव पौडेलले बताए । सम्भवतः काात्तिकको तेस्रो साताातिर बैठक बोलाउने गरी छलफल अघि बढेको उनले बताए ।

बागमती प्रदेशसभाको सभाहल जेन्जी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट ध्वस्त भएपछि हेटौँडा उपमहानगरपालिका–२ स्थित मुख्यमन्त्री कार्यालयको सभाहलबाट बैठक सञ्चालन गर्नेगरी प्रदेश सरकारले तयारी गरेको छ । तत्कालका लागि अस्थायी रुपमा मुख्यमन्त्री कार्यालयको नवनिर्मित सभाहलबाट बैठक सञ्चालन गर्नेगरी प्रदेश सरकारले तयारी थालेको हो । जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त बनेको सो हललाई सामान्य मर्मत गरेर प्रदेशसभा सञ्चालन गर्ने तयारी भइरहेको सचिव पौडेलले जानकारी दिए ।रासस

# सरकारको संवैधानिक परीक्षण हुनुपर्छः पोखरेल

**काठमाडौँ ।**
नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले वर्तमान सरकारको संवैधानिक परीक्षण हुनुपर्ने बताएका छन् । प्रेस चौतारी नेपालले सोमवार काठमाडौँमा आयोजना गरेको संवादमा उनले अदालतमा मुद्दा विचाराधीन रहेकाले सो मुद्दाको फैसला नहुँदासम्म सरकारले निर्वाचनबाहेकका काम गर्न नहुने तर्क गरे ।

महासचिव पोखरेलले भदौ २३ र २४ गतेको घटनामा आन्दोलन कम अपराध बढी भएको टिप्पणी गरे । उनले सो आन्दोलन अग्रगमनका लागि नभइ पश्चगमनका लागि भएको आरोप लगाए । निर्वाचनको लागि गठन भएको यो सरकारलाई छ महिनाभित्र निर्वाचन गर्ने 'म्याडेट' दिएको बताउँदै उनले निर्वाचनका लागि सहज वातावरण बनाउनुपर्नेमा जोड दिए ।

महासचिव पोखरेलले राज्यमाथि नियोजित रूपमा आक्रमण गर्नेहरूलाई कारबाही गर्नुपर्ने उल्लेख गर्दै प्रहरी प्रशासनको मनोवल उच्च राख्नका लागि सरकारले विशेष पहल गर्नुपर्ने बताए । उनले जेलबाट भागेका मानिसहरूले दैनिकजसो कुनै न कुनै घटना गराइरहेकाले त्यसतर्फ सरकार सचेत रहनुपर्ने बताए ।रासस

# हाइटेक टनेलमा च्याउखेती गरी मनग्य आम्दानी



**कञ्चनपुर।**
शुक्लाफाँटा नगरपालिका–६ कसरौलका २९ वर्षीय वीरबहादुर रानाले आधुनिक प्रविधिबाट च्याउखेती गरेर गाउँमै आत्मनिर्भर किसानको उदाहरण प्रस्तुत गरेका छन्् ।अठार महिने कृषि (जेटिए) अध्ययन गरेका रानाले हाइटेक टनेलमा मौसमी र बेमौसमी च्याउ उत्पादन गर्दै वार्षिक १५ लाख रुपैयाँ भन्दा बढीको च्याउ बिक्री गर्छन् । खर्च कटाएर उहाँले वर्षमा झण्डै १० लाख रुपैयाँ नाफा कमाउने गरेका छन््।

रानाले चिसो मौसममा कन्या र गर्मीमा मिल्की च्याउको खेती गर्छन्। मिल्की च्याउ डल्ला राखेको १५ दिनमा र कन्या च्याउ २० देखि २५ दिनमा तयार हुने उनको भनाइ छ । पिंकी च्याउको पनि उत्पादन गरे पनि बजार अभावका कारण हाल त्यो खेती स्थगित गरिएको रानाले बताए।

महेन्द्रनगर र झलारी बजारमा बेमौसमी कन्या च्याउको थोक मूल्य प्रतिकिलो ३५० रुपैयाँ र मौसमी समयमा १०० रुपैयाँ मा बिक्री गरेको छ भने मिल्की च्याउ प्रतिकिलो ४०० रुपैयाँ मा बिक्री हुने गरेको छ। माग बढेसँगै उनले बाह्य बजारमा पनि च्याउको आपूर्ति गर्दै आएका छन्।

विवाह, भोजभतेर र चाडपर्वमा च्याउको माग बढी हुने गरेको छ । हाल उनले मोटरसाइकलमार्फत माग आएका ठाउँमा च्याउ ढुवानी गर्दै आएका छन्। विसं २०७७ मा जेटिए अध्ययनका क्रममा विद्यालयमा पढेको ज्ञानलाई व्यवहारमा उतार्दै उनले घरकै गोठको एक कुनामा पहिलोपटक च्याउखेती गर्न शुरु गरेका थिए । घरमा उपलब्ध भाँडाकुँडामै पराल उमालेर, खटियामा सुकाएर २५ वटा परालका डल्ला बनाएर बीउ राख्दा राम्रो उत्पादन भएपछि उनले यसलाई व्यावसायिक रूपमा विस्तार गरे।

पहिलो सफलतापछि उनले बाँसको झुपडीमा ५०० परालका डल्ला राखेर मौसमी च्याउखेती शुरु गरे । बजारमा सहज बिक्री भएपछि व्यवसाय विस्तारको हौसला मिलेको उनले सम्झए । हाल रानासँग च्याउखेतीका लागि फलामका छवटा हाइटेक टनेल रहेका छन््। छवटै टनेलमा निरन्तर बाह्रै महिना च्याउ उत्पादन भइरहेको छ। पराल काट्न, उमाल्न र सुकाउन आधुनिक मेसिनको प्रयोग हुने गरेको छ। केही उपकरण र टनेल अनुदानमा प्राप्त भए पनि धेरैजसो उपकरण उनले आफ्नै आम्दानीबाट खरिद गरेका हुन्।

आधुनिक प्रविधिको प्रयोगले समय, जनशक्ति र खर्च तीनैमा बचत हुने उनको भनाइ छ। च्याउ उत्पादनमा उनका श्रीमतीसहित घर परिवारका सदस्यले साथ दिने गरेका छन्् । कामको चाप अधिक भएका बेला कामदारलाई ज्यालादारीमा राखेर काम लिने गरेका छन््।

‘बिक्री नभएको च्याउ सुकाएर दोब्बर मूल्यमा बेच्न सकिन्छ’, उनले भने, ‘त्यसका लागि अहिले आधुनिक इलेक्ट्रोनिक ड्रायर खरिद गर्ने योजना बनाएको छु ।’ हाल उनको च्याउ उत्पादनमा झण्डै २० लाख रुपैयाँ बराबरको लगानी रहेको छ। भविष्यमा लगानी बढाएर डल्ले च्याउको उत्पादन शुरु गर्ने तयारीमा उनी छन् ।रानाले च्याउखेतीमा गुणस्तरीय बीउको प्रयोग अत्यावश्यक रहेको बताए।‘बीउ राम्रो भए उत्पादन बढी हुन्छ, कमसल बीउ भए फसल पनि कमजोर हुन्छ’, उनले भने, ‘त्यसैले बीउ उत्पादकहरूले गुणस्तरमा ध्यान दिनुपर्छ।’ च्याउमा पनि अन्य बालीजस्तै रोगब्याधि लाग्ने भएकाले समयमै उपचार आवश्यक हुने रानाको भनाइ छ । उनले विद्यालयमा सिकेको कृषि ज्ञानले नै आजको सफलताको बाटो देखाएको बताए । ‘च्याउखेतीलाई अझै विस्तार गर्न आधुनिक तालिम र प्रविधिको आवश्यकता छ’, उनले भने, ‘कृषिसम्बन्धी निकायले त्यसमा चासो देखाउनुपर्छ।’

हालसम्म आफ्नै प्रयासमा च्याउखेती विस्तार गर्दै आएका राना अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेका छन् । गाउँमा बस्दै आधुनिक प्रविधिबाट सफल हुन सकिन्छ भन्ने सन्देश उनको सफलताले दिएको छ।रासस

# भैपरी खर्च लिने ‘जेन्जी’ आन्दोलनका घाइतेको संख्या न्यून

**गण्डकी ।**
भदौ २३ र २४ गते भएको ‘जेन्जी’ आन्दोलनका क्रममा घाइते भएका कास्कीका ९२ जनामध्ये हालसम्म जम्मा आठ जनाले मात्र घाइते परिचयपत्र र भैपरी खर्च बुझेका छन् ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले गत असोज २४ गते आन्दोलनका घाइतेलाई परिचयपत्र र भैपरी खर्च लिन आउन सार्वजनिक रुपमा सूचित गरेको थियो ।

गृह मन्त्रालयबाट प्राप्त घाइतेहरूको सूचीबमोजिम कास्कीमा स्थायी ठेगाना भएका घाइतेहरूलाई परिचयपत्र र भैपरी खर्च वितरण भइरहेको कार्यालयका प्रशासकीय अधिकृत झविश्वर रेग्मीले बताए । ‘आइतबारसम्म आठ जनालाई घाइते परिचयपत्र २० हजार रुपैयाँका दरले भैपरी खर्च प्रदान गरिएको छ’, उनले भने, ‘अन्य घाइतेहरू पनि सम्पर्कमा छन्, आफ्नो आवश्यकता र अनुकूलता अनुसार उनीहरू आए होला ।’

यस बीचमा दसैं, तिहारलगायत चाडबाडको लामो बिदा परेकाले पनि कार्यालयबाट सेवा लिन आउनेको सङ्ख्या कम भएको प्रशासकीय अधिकृत रेग्मीले बताए ।

परिचयपत्र वितरणपछि सोही आधारमा घाइतेलाई तत्कालका लागि भैपरी खर्चबापत २० हजार रुपैयाँ दरले रकम उपलब्ध गराइएको उनको भनाइ छ ।

भैपरी खर्चका लागि ‘जेन्जी’ आन्दोलनका क्रममा घाइते भई अस्पतालमा उपचार गराएको बिरामी टिकट र डिस्चार्जसम्बन्धी कागजात, नागरिकताको प्रमाणपत्र, तस्बिर र घाइतेका नाममा रहेको बैङ्क खाताको चेकको प्रतिलिपिसहित कार्यालयमा उपस्थित हुनपर्ने उनले बताए । कार्यालयले घाइते स्वयं आउन नसके परिवारका सदस्यलाई सम्पर्क राख्न सूचित गरेको छ ।रासस

# जनसेवा युवा क्लबलाई उपाधि




**जुम्ला ।**
चन्दननाथ नगरपालिकाको आयोजनामा सम्पन्न जिल्लास्तरीय फुटबल प्रतियोगितामा विजयी हुने जनसेवा युवा क्लबलाई एक लाख रुपैयाँ सहित उपाधि प्रदान गरेको छ ।

जुम्ला सदरमुकाम खलङ्गामा सम्पन्न सो प्रतियोगितामा आयोजक टोली चन्दननाथ–३ भने दोस्रो भई ५० हजार रुपैयाँ जित्न सफल भएको छ । जिल्लाका ४४ टिमले भाग लिएको सो खुला फुटबल प्रतियोगितामा पहिलो हुने जनसेवा युवा क्लबले आयोजक टोलीलाई टाइब्रेकरमार्फत एक गोलले पछि पारेको थियो ।

कार्यक्रम समापनपछि चन्दननाथ–३ का वडाध्यक्ष रतन खत्रीले खेलकुदमार्फत युवासहित समग्र खेलप्रेमीबीच आपसी सम्बन्ध विस्तार, सद्भाव र एकताको वातावरण सिर्जना गर्न जिल्लास्तरीय फुटबल प्रतियोगिता आयोजना गरिएको बताए ।

यसैगरी नगरप्रमुख राजुसिंह कठायतले युवाहरूको भावना र चाहनाबमोजिम खेल क्षेत्रको विकास एवं विस्तारका लागि आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गर्दै जिल्लास्तरीय प्रतियोगितामा सहभागी सबैलाई धन्यवाद दिए । रासस

# बेमौसमी वर्षाले गुल्मीमा ११ प्रतिशत धान नष्ट



**तम्घास ।**
यही कात्तिक १०, ११ र १२ गते परेको बेमौसमी वर्षाले गुल्मीमा ११ प्रतिशत धान नष्ट भएको छ । कृषि ज्ञानकेन्द्र गुल्मीका अनुसार हाल जिल्लामा उत्पादन हुनेमध्ये ११ प्रतिशत काटिसकेको धान पानीमा भिजेको छ ।

यस वर्ष जिल्लामा सात हजार ९८८ हेक्टरमा धानखेती गरिएको थियो । जसमा २२ हजार ९०९ मेक्ट्रिक टन धान उत्पादन हुने लक्ष्य राखिएकामा ११ प्रतिशत अर्थात् दुई हजार ५२० मेक्ट्रिक टन धान पानीले भिजेर नष्ट भएको अनुमान गरिएको कृषि ज्ञान केन्द्र गुल्मीका सूचना अधिकारी टिकाराम न्यौपानेले जानकारी दिए ।

जिल्लाको कुनै पनि ठाउँमा हालसम्म धानबालीको बीमा नगरिएको पनि उनले बताए । गुल्मीको सबैभन्दा धेरै धान उत्पादन हुने क्षेत्र चौरासी फाँटमा ९९९ हेक्टरमा धान रोपिएको थियो । जसमध्ये ४० प्रतिशत धान काटिसकेको अवस्थामा खेतमा नै भिजेको छ ।

तिहार लगत्तै धान काटेका किसान अहिले पानी परेसँगै चिन्तित भएका हुन् । लामो समयसम्म पानीले धान खेतमा नै भिज्दा टुसा पलाउन थालेका छन्् । जसले गर्दा धानको मूल्य र उत्पादन घटेको छ ।

इस्मा गाउँपालिका–६ का कमलप्रसाद भण्डारीले साढे चार रोपनीमा रोपेको धान यही कात्तिक ९ गते काटेका थिए । तर कात्तिक ११ गतेदेखि पानी पर्न शुरु गर्‍यो । काटिसकेको धानपानीले खेतमा नै डुबाउन थालेपछि उनले कात्तिक ११ र १२ गते १७ जना खेताला लगाएर धान उठाएर घर लगे ।

‘घाम लागेकै बेला उठाउन पाएको भए थ्रेसर लगाएर झाटिन्थ्यो, धान र पराल छुट्टाछुट्टै हुन्थ्यो,’ उनले भने, ‘अहिले घाम लागेपछि झाँट्न शुरु गरेको, टुसा पलाएको छ ।’ गत वर्ष २५ मुरी धान फलेकामा यो वर्ष अधिकांश धान खेतमा नै पोखिएको गुनासो गरे ।

स्थानीय कृष्णप्रसाद घिमिरेले पनि गत असार र साउनमा ७५ रोपनीमा धान रोपेका थिए । बीउको लागि चैते ५, हाइब्रिड महेन्द्र ३०–३०, जी टेक लगायतका धान रोपेका थिए ।

उनको खेतमा कुल तीन सय ५० मुरी धान फल्थ्यो । जसमा दुई सय २५ मुरी तिहार अगाडि नै स्याहारेका थिए । अझै १५ रोपनी खेतको छ मुरी हुने धान काट्न बाँकी छ । तर काटिसकेको १८ रोपनी खेतको करिब ९५ मुरी धान भने पानीले डुबाएको छ ।

खेताला लगाएर कात्तिक ९ गतेका धान काटेको धान पानीमा भिजेको हो । पानी नपरेको भए ११ गते नै थ्रेसरबाट उठाउने तयारी थियो । तर पानीले उहाँको धान मात्र डुबाएन, मेहनेत र पसिना समेत डुबाएको छ ।

‘पानीमा धान उठाएर आउने रकमभन्दा उठाउन लाग्ने लागत बढी भएकोले उठाइन’, घिमिरेले भने, ‘दुई लाख ६६ हजारको धान पानीमा डुबेको छ ।’ चौरासी फाँटको धान प्रतिमुरी दुई हजार आठ सयमा बिक्री हुँदै आएको छ ।

किसान निराजन भण्डारीको पनि १९ रोपनी खेतमा काटेको धान भिजेको छ । ‘अब त धानमा टुसा आउने बेला भयो, त्यस्तो धान बिक्री नहुने समस्या हुन्छ,’ उनले भने, ‘पानीमा भिजेको पराल गाईवस्तुले पनि रुचाउँदैनन् ।’ गत वर्षहरूमा पनि हल्का बादल मात्रै लाग्ने तर पानी नपरेका कारण आफूले धान काटेको उनको भनाइ छ । उनको खेतमा करिब ९० मुरी धान हुन्थ्यो । अब पानीमा भिजेसँगै उत्पादन धेरै कम हुने भट्टराईको भनाइ छ ।


काटिसकेको धान कसरी सुरक्षित गर्न सकिन्छ ?

काटिसकेको धान वर्षामा थुप्रोमा राख्दा भिजेको ‘फङ्गस’ लाग्न सक्छ । त्यसकारण धान ढुङ्गा, प्लास्टिक वा परालमाथि राख्न कृषि ज्ञान केन्द्र कार्यालयले सुझाव दिएको छ ।

त्यसैगरी अहिले धानलाई माथिबाट प्लास्टिकले छोप्ने र वर्षा रोकिएपछि तुरुन्तै सुकाउने, सावधानीपूर्वक धुवाँको ताप प्रयोग गर्ने, धानलाई हावा प्रसार हुने ठाउँमा राख्नेलगायतका उपाय अपनाएमा क्षति कम हुने कार्यालयले जनाएको छ ।रासस

# मितेरीपुल एक महिनामा बन्ने

**रसुवा ।**
रसुवागढीस्थित नेपाल–चीन जोड्ने मितेरी पुल एक महिनाभित्र बन्नेभएको छ । चिनियाँ अधिकारीहरूका अनुसार निर्माणाधीन अवस्थामा रहेको मितेरी पुलको निर्माण एक महिनाभित्र सम्पन्न हुनेछ । गत असारमा ल्हेन्देखोलामा आएको बाढीले बगाएपछि दुई देशबीचको आवतजावत बन्द भएको अवस्थमा चिनियाँ पक्षले निर्माण सो पुल निर्माण गरिरहेको छ ।



रसुवा जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले चिनियाँ अधिकारीहरूसँगको छलफलपछि एक महिनाभित्र पुल निर्माण सम्पन्न हुने र पुनः बैठक बसी सञ्चालन मिति तय गरिने जानकारी दिए ।

चिनियाँ पक्षले प्रतिकूल मौसमका बाबजुद रसुवागढीस्थित मितेरी पुल निर्माणलाई प्राथमिकता दिएको बताउँदै काबुभन्दा बाहिरको परिस्थिति सिर्जना नभएमा एक महिनाभित्र यातायात सञ्चालन हुने जानकारी प्राप्त भएको उनले स्पष्ट गरे ।

मितेरी पुल बगाएसँगै सो नाकाबाट हुने आयात–निर्यात ठप्प हुँदा कम्तीमा १४–१५ अर्ब रुपैयाँ राजस्व गुमेको प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले जानकारी दिए । गत आर्थिक वर्षको यसै अवधिमा १४ अर्ब रुपैयाँ भन्सार शुल्क असुली भएको थियो ।

‘फिल्ड’मा कार्यरत प्राविधिकका अनुसार स्याफ्रुबेँसी–रसुवागढी सडकखण्डको १६ किमी राजमार्ग मर्मत तथा निर्माण भइरहे पनि पहिरो र नदीकटानका कारण अपेक्षा गरिएअनुसार काम अघि बढ्न नसकेको अवस्था छ । टिमुरे र तातोपानीबीचको पाखोमा पहिरो गहिरहने, लिङलिङ, कागतीवारि नजिकको भीर, घट्टेखोलाको दक्षिणी भागसहित कैयौँ स्थानमा नदीले सडक कटान गर्दा सोचेअनुसार मर्मतसम्भार चाँडो हुन नसकेको सडक विभागले जनाएको छ ।

गुणस्तरीय ढङ्गबाट यथासक्य चाँडो सो सडकखण्डको निर्माण सक्न विपद् ब्यवस्थापन समितिले निर्देशन दिएको जिल्ला प्रशासन कार्यालय रसुवाले जनाएको छ ।रासस

# दैनिक एक हजार थान राहदानी उपलब्ध गराइने

**काठमाडौँ।**
राहदानी विभागले दैनिक एक हजार थान राहदानी वितरण गरिने स्पष्ट पारेको छ।

विभागले सोमवार साँझदेखि दैनिक (सार्वजनिक विदाको दिन बाहेक) राहदानी उपलब्ध गराउने जनाएको हो।

विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग गत साउनमा खरिद सम्झौता गरिसकेको र उक्त सम्झौताअनुसार आगामी फागुन ११ देखि राहदानी सेवा शुरु हुने गरी नयाँ पूर्वाधार तथा प्रणाली निर्माण भइरहेको सोमवार जारी विज्ञप्तिमा उल्लेख गरेको छ।

नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने सङ्क्रमणकालीन अवस्था (ह्याण्डओभर र टेकओभर) तथा राहदानी पुस्तिकाको सीमित संख्या र सेवाग्राहीको उच्च मागलगायतका कारणले राहदानी वितरणमा केही समस्या हुन गएको विभागले जनाएको छ।

उक्त अवधिसम्म राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक पहल भइरहेको र अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीले मात्रै राहदानीका लागि आवेदन गर्न विभागले सबैलाई आग्रह गरेको छ।

राहदानीका विषयमा अनधिकृत व्यक्तिको भर नपर्न, त्यस्ता व्यक्तिबाट हुन सक्ने ठगीबाट सावधान रहन विभागले ध्यानाकर्षण गराएको छ।रासस

# पर्यटक बोलाउन ‘जाउँ है बेगनास पोखरा’



**गण्डकी।**
होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष २०२५ को सहयोगमा आइतबारदेखि पश्चिम नेपालमा जाउँ है बेगनास पोखरा कार्यक्रम सञ्चालन गरिएको छ।

पश्चिम नेपालका बुटबल, बर्दिया, सुर्खेतलगायतका क्षेत्रलाई लक्षित गरी लेखनाथ क्षेत्रका पर्यटन व्यवसायी एवम् पर्यटन सम्बद्ध ३७ सदस्यीय प्रतिनिधिमण्डल प्रवद्र्धनात्मक कार्यक्रममा निस्केको होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले जानकारी दिए।

आन्तरिक पर्यटनको प्रवद्र्धनसँगै पर्यटकीय साझेदारी बढाउने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको उनले बताए। यसैबीच टोलीले लुम्बिनी प्रदेशको बुटवलमा यहाँका पर्यटन व्यवसायीसँग सोमवार अन्तरक्रिया गरेको छ।

कार्यक्रममा होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका सल्लाहकार एवम् पोखरा भ्रमण वर्ष २०२५ का सहसंयोजक दामोदरभक्त थापाले लेखनाथ क्षेत्रमा रहेका रामसार सूचिमा सूचिकृत बेगनासताल, रुपातालगायतका सात तालले पर्यटकीय सम्भावना बोकेको बताए।

पोखरासहित लेखनाथ क्षेत्रका पर्यटकीय गन्तव्यमा आउन उनले बुटवलका पर्यटन व्यवसायीसँग आग्रह गरे । पर्यटकीय साझेदारीका लागि आफूहरू तयार रहेको उनको भनाइ थियो।

होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष कँडेलले पोखरा आएका पर्यटकलाई बुटवल पठाउने र बुटवल आएका पर्यटकलाई पोखरा पठाएर दुवै क्षेत्र लाभान्वित बन्ने धारणा राखे। होटल तथा रेष्टुरेन्ट एशोसिएसन रुपन्देहीका अध्यक्ष माधवकुमार खनालले पोखरासँग रुपन्देही पर्यटकीय साझेदारीका लागि तयार रहेको बताउँदै आफूहरूले बुटवलमा आएका पर्यटकलाई पोखरा पठाउने गरेको बताए।

रुपन्देही गौतमबुद्धको जन्मस्थलसँगै धेरै ऐतिहासिक महत्वका स्थलरहको उनले जानकारी दिए । पोखरा महानगरपालिकाका लेखा अधिकृत छविलाल शर्माले आपसी भाइचारासँगै साझेदारीले दुवै गन्तव्य लाभान्वित हुने बताए।

होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका महासचिव सुरेश लामिछानले तीन दिने प्रवद्र्धनात्मक कार्यक्रमका साथ सो टोली बर्दिया हुँदै सुर्खेतसम्म पुगी पर्यटन सम्बद्ध व्यवसायीसँग छलफल एवम् अन्तरक्रिया गरी पोखरा फर्कने जानकारी दिए । छलफलमा बुटवल क्षेत्रका पर्यटन व्यवसायी एवम् सञ्चारकर्मीको उपस्थिति थियो।रासस

# पायक पर्ने स्थानमा निःशुल्क आँखा शिविर सञ्चालन

**बागलुङ।**
बागलुङको ढोरपाटन नगरपालिका–१ बुर्तिबाङमा सञ्चालन भएको आँखा शिविरबाट एक हजार सात जना आँखाका बिरामी लाभान्वित भएका छन्। नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित हिमालय आँखा अस्पताल पोखरा र धौलागिरि आँखा अस्पताल बागलुङको प्राविधिक सहयोगमा लायन्स क्लब अफ ढोरपाटनको संयोजनमा गत शुक्रबारदेखि शुरु भएको सो तीन दिने निःशुल्क आँखा शिविरमा निसीखोला, तमानखोला, बडिगाड गाउँपालिकाका र ढोरपाटन नगरबासी लाभान्वित भएका थिए।

शिविरमा आँखा परीक्षणसँगै मोतियाविन्दुको शल्यक्रिया समेत गरिएको थियो । परीक्षणका क्रममा मातियाविन्दु देखिएका ८५ जनाको शल्यक्रिया र परेला आँखाभित्र पसेका दुईजनाको उपचार गरिएको थियो । आँखामा जटिल समस्या भएका १३ जनालाई थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा ‘रिफर’ समेत गरिएको थियो।

हिमालय आँखा अस्पताल पोखरामा सेवारत जलविन्दु विशेषज्ञ डा अनिल पराजुली लगायतका चिकित्सक एवं स्वास्थ्यकर्मीको टोलीले शिविरमा आँखा परीक्षण, उपचार र शल्यक्रिया गरेको थियो । निसीखोला–१ का कुमबहादुर मल्लले आफूलाई पायक पर्ने स्थानमा आँखा शिविर मार्फत् सेवा प्राप्त गर्न पाएकामा खुसी व्यक्त गरे।उनले भने,‘आँखामा समस्या हुँदै आएको थियो। परीक्षण गराउँदा मोतियाबिन्दु भएको देखियो । शल्यक्रिया भयो । अहिले आँखाको ज्योति फर्किदा यो भन्दा आनन्दको क्षण के होला ?’

लायन्स क्लब अफ ढोरपाटनका अध्यक्ष तेजिन्द्र खत्रीका अनुसार शिविरमा चार सय ९५ जनालाई आवश्यकताका आधारमा चस्मा वितरण, ३ सय २४ जनालाई औषधि वितरण अन्य आँखा जाँचसँगै आवश्यक परामर्श दिइएको थियो।

दूर्गम भूगोल, आर्थिक समस्या र चेतनाको अभावका कारण आँखाको समस्या पालेर बसेका नागरिकको सहजताका लागि निःशुल्क आँखा शिविर सञ्चालन गरिएको हो। उनले भने, ‘ ग्रामीण भेगका नागरिकले आँखामा सामान्य समस्या भयो भने पोखरा, काठमाडौँका अस्पतालमा जानुपर्ने अवस्था छ, त्यसलाई मध्यनजर गरी लायन्स क्लबले निःशुल्क शिविर संयोजन गरेको हो, शिविरमा धेरै ठाउँमा वृद्धदेखि सबै उमेर समूहका नागरिक आएर सेवा लिनुभयो, यस्ता शिविर निरन्तर गर्दै जाने छौँ।’ रासस

# जो डाक्टर नभए पनि बिरामी निको पार्छन...

**कैलाली।**
कैलारी गाउँपालिका–५ पवेरास्थित ६५ वर्षीय रामदास कठरियाको घरमा दैनिकजसो बिहानैदेखि बिरामीको भीड लाग्छ । कसैको हात समाउँदै, कोही लट्ठी टेक्दै त कोही एम्बुलेन्समा आइपुग्छन् । यहाँ आउने सबैका आँखामा सञ्चो भएर फर्किने उत्कट चाहना देखिन्छ।

गाउँका सबैले कठरियालाई स्नेहपूर्वक ‘रामदास डाक्टर’ भनेर सम्बोधन गर्छन्। तर उहाँ न त डाक्टर न वैद्य नै हुन्छ । जम्मा कक्षा दुईसम्म मात्रै औपचारिक शिक्षा लिनुभएका उनको हातमा भने अनौठो सीप छ, जसले कैयौँ हाडजोर्नी, नसा र मांसपेशीसँग सम्बन्धित बिरामी निको पार्दै आएका छन्।



हड्डी भाँचिएका, नसा च्यापिएका वा मांसपेशी सरेर दुखाइले थलिएका मानिस उनीकहाँ आउँछन् । उनले हातैले छामेर बिरामीको समस्या पत्ता लगाउछन्। छामेरै भन्छन्, ‘यो हड्डी त सरेछ, यो नसा त च्यापिएछ।’ त्यसपछि उपचार गर्छन्। आजसम्म कति बिरामी निको पारे भन्ने यकिन तथ्याङ्क छैन।

त्यसो त उहाँले यो सीप संयोगले प्राप्त गरेको होइन । उनका हजुरबुवा गाउँका प्रसिद्ध वैद्य छन्। बाल्यकालमै हजुरबुवाको उपचार कला हेर्दैहेर्दै उनमा पनि त्यसप्रति गहिरो लगाव शुरु भयो । हजुरबुवाले बिरामीको हड्डी मिलाउँदा सँगै बसेर हेर्ने र कहिलेकाहीँ आफ्नै हातले बिरामी छाम्न लगाउने गर्थे । त्यही क्रममा हातमा सीप बस्दै गयो । हजुरबुवाको निधनपछि त्यो सीप परिवारमै हराउन नदिन उनले निरन्तर अभ्यास गरे । अहिले त्यही सीप उनको परिचय बनेको हो।

४० वर्ष भन्दा बढी भयो उनले यो सीपको प्रयोगबाट धेरैलाई सेवा दिइरहे। उनका घरमा दैनिक एक सयभन्दा बढी बिरामी आउँछन्। कतिपय बिरामी त यस्ता हुन्छन्, जसले अस्पतालमा उपचार गर्दा पनि निको भएका हुँदैनन्।

कठरियाको उपचार शैली पनि सरल छ। उनीसँग कुनै औषधि छैन, न त कुनै अत्याधुनिक उपकरण। उनको हात, सीप र अनुभव नै औजार हो । बिरामीलाई छामेर, समस्या भएको ठाउँमा सन्तुलित तवरले दबाएर र सावधानीपूर्वक नसा र हड्डी मिलाउछन् । उनको उपचारपछि बिरामी तुरुन्तै राहत महसुस गर्छन् । उनका लागि बिरामी निको पार्नु व्यापार होइन, जिम्मेवारी हो । त्यसैले उनले उपचारको शुल्क निर्धारण गर्दैनन । बिरामीले आफ्नो गक्षअनुसार पैसा दिन्छन्। उनले धन्यवादसहित ग्रहण गर्छन।

भजनीका भागिलाल चौधरी आफ्नो अनुभव सुनाउँदै भन्छन्, ‘मेरी श्रीमती १२ वर्षदेखि नसा च्यापिएको समस्याले पीडित थिइन्। कति अस्पतालमा लग्यौँ, निको भइनन्। अन्तमा रामदास कहाँ आएपछि पूरै निको भइन्।’

हरेक गाउँमा उनले उपचार गरेका अनेकौँ उदाहरण छन् । उठ्न, बस्न, हिँड्न नसक्ने मानिस पनि उनीकहाँ आएर निको भएर फर्किएका प्रशस्त उदाहरण छन्।

उपचारमा उनी प्राय आफैँले बनाएका स्थानीय सामग्री प्रयोग गर्छन । कहिलेकाहीँ मेडिकलबाट पनि आवश्यक सामग्री किन्न लगाउछन् । आफूकहाँ उपचार गर्न आउने अधिकांश बिरामी कमजोर आर्थिक अवस्था भएका हुने उनी बताउछन् । उनका लागि यस्ता बिरामीको उपचार गर्नु नै धर्म हो। ‘मलाई पैसा होइन, सन्तुष्टि चाहिएको हो,’ उनी भन्छन्, ‘उपचार पछि बिरामीले भन्छन् अब म ठिक छु, त्यही नै मेरो सबैभन्दा ठूलो खुशी हो।’

उनी आफ्नो सीप आगामी पुस्ताले सिकुन् भन्ने चाहान्छन्। उनले केही स्थानीय युवालाई सिकाए पनि भयो, तर उनीहरूले नियमित अभ्यास गरेनन् । उनी भन्छन् ‘अब म चाहन्छु कोही कसैले लगन र धैर्यताका साथ यो सीप सिकोस, ताकि म पछि पनि धेरैलाई यसबाट फाइदा पुगोस्।’रासस

# डाइलाइसिस सेवाले मिर्गौला पीडितलाई राहत

**बागलुङ।**
नियमित मिर्गौलाको डायलाइसिस गराउँदै आएका यहाँका स्थानीय टेकनाथ शर्माले जिल्लाकै धौलागिरी प्रादेशिक अस्पतालमा डायलाइसिस सेवा पाएपछि राहत महसुस गरेका छन्। उनले जिल्लामै डाइलाइसिस सेवा पाउँदा खर्च र समय दुवै बचत भएको बताए । सो अस्पतालले हाल ६० जना मिर्गा◌ैला पीडितलाई नियमित डाइलाइसिस सेवा दिइरहेको छ।

‘मिर्गौला रोगीको संख्या बढिरहेको छ, उपचार गर्ने उपकरण र जनशक्ति सीमित छ, पोखरामा डायलाइसिस गरिरहेको थिएँ, अहिले जिल्लाकै अस्पतालबाट सेवा पाएको छु, सेवाका कारण खर्च र समय दुबै बचेको छ, घरबाटै आउन जान सकिन्छ,’ उनले भने ‘अस्पतालले प्रदान गरेको निःशुल्क डायलाइसिस सेवाले राहत मिलेको छ।’



अस्पताल भवन र आवश्यक उपकरण थप भएमा अझै धेरै बिरामीको उपचार गर्न सकिने अस्पतालको भनाइ छ । पछिल्लो समय धौलागिरी प्रादेशिक अस्पतालमा मिर्गौला रोगीको संख्या बढ्न थालेको अस्पतालले जनाएको छ। एक वर्ष अघिसम्म डायलाइसिसको लागि पालो कुर्नुपर्ने बिरामी शून्य रहेपनि अहिले धेरै बिरामी डायलाइसिस गराउन नाम टिपाउने गरेका छन्।

अस्पतालले अधिकतम ६० जनालाई नियमित सेवा दिइरहेको छ। जनशक्ति र भवन थप गर्न सकेमा अझै बिरामीको सेवा दिन सकिने अस्पतालका प्रमुख मेडिकल सुपरीटेण्डेन्ट डा किरण तिवारीले जानकारी दिए।

अस्पतालले गत वर्षमात्रै डायलाइसिस सेवा विस्तार गरेपनि अहिले बिरामीको संख्या बढेर विभिन्न अस्पतालमा डायलाइसिस गरेर २६ जनाले यस अस्पतालमा पालो पर्खिरहेका छन् । अस्पतालमा मिर्गौलाका बिरामीलाई निःशुल्क उपचार दिन २०७५ सालमा दुई वटा मेशिनबाट शुरु भएको डायलाइसिस सेवा विस्तार गरी हाल ११ मेसिन थपिएपछि मिर्गौला पीडितलाई राहत मिलेको हो। अहिले अस्पतालमा चार चरणमा ६० जना बिरामीले नियमित सेवा लिइराखेको अस्पतालले जनाएको छ।

‘गत वर्ष मिर्गौलारोगीको प्रतिक्षा शुन्य थियो, तर रोगीको संख्या वृद्धि भइरहेको छ, अस्पतालमा भौतिक संरचनाको अभाव छभने उपकरण बढाएर ११ पु–याउँदासमेत बिरामी थेग्न समस्या भइरहेको छ,’ मेसु तिवारीले भने । डायलाइसिस कक्षमा मिर्गौलारोग विशेषज्ञको अभाव छ।

तालिम प्राप्त स्टार्फ नर्सको भरमा डायलाइसिस सेवा प्रदान गरिरहेको र आवश्यक पर्दा जनरल फिजिशियनले सहयोग गरिरहेको अस्पतालको भनाइ छ । अहिले आठ जना स्वास्थ्यकर्मी डायलाइसिस कक्षमा सेवा दिइरहेका छन् । अस्पतालमा बिरामीको संख्या बढ्न थालेपछि डायलाइसिस सेवाका लागि विशेषज्ञ चिकित्सक, उपकरण र भौतिक संरचनाको अभाव देखिन थालेको हो।रासस

# मतदाता नामावली दर्ता गराउन युवा उत्साहित

**चितवन।**
भदौ २३ र २४ गते भएको युवाहरुको प्रदर्शनपछि आगामी निर्वाचनमा मतदाता नामावली दर्ता गराउनेको चाप बढ्दै गएको छ। यसमध्ये ९० प्रतिशत युवाहरु रहेका छन्।

जिल्ला निर्वाचन कार्यालय भरतपुरमा मतदाता नामावली दर्ता गर्न आउने युवामा आशा पलाएको पाइएको छ । भरतपुर महानगरपालिका–५ का शमिर शर्मा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मतदान गर्नका लागि नामावली दर्ता गराउन आए। युवा पुस्ताको आन्दोलनपछि उनमा केही आशा पलाएर मतदाता नामावलीमा नाम दर्ता गराउन आएका हुन। उनले भने ‘युवाहरु भएपछि केही गरौ, कोही राम्रो मान्छे उम्मेदवार भएमा मतदान गरेर विजयी गराउन मतदाता नामावलीमा नाम गर्दा गरएको हुँ।’

युवाको विषयमा सोच्ने नेतृत्व चयनका लागि मतदान गर्ने उनले बताए।

सञ्चुकुमारी तामाङ पहिलो पटक मतदान गर्ने योजनाका साथ मतदाता नामावलीमा नाम दर्ता गराउन आएकी छन्। युवा पुस्ताका लागि केही सोच्ने नेतृत्वका लागि मतदान गर्ने योजनासहित मतदाता नामावलीमा नाम दर्ता गराएको उनले बताए । अहिलेसम्म युवाको बिषयमा सोच्ने नेतृत्व नहुँदा मतदाता नामावलीमासमेत नाम दर्ता नगराएको उनको भनाइ छ।

लामो समय विदेशमा बसेर स्वदेश फर्कनु भएका दीपक पन्त आफ्नो श्रीमतीसहित मतदाता नामावलीमा नाम दर्ता गराए । अब देशमा केही हुन्छकी भन्ने आशाका साथ मतदाता नामावलीमा नाम दर्ता गर्न आएको उनले बताए । पटक–पटक बिदामा स्वदेश आउँदासमेत नामावली दर्ता गर्ने चाहना नभए पनि अहिले ऊर्जा बढेको उनको भनाइ छ।

जिल्ला निर्वाचन कार्यालय भरतपुरमा ३ हजार ५२९ जना नयाँ मतदाता थपिएका छन् । कायालयले असोज ९ गतेदेखि नयाँ मतदाता नामावली सङ्कलनको काम शुरु गरेको हो । कार्यालयका प्रमुख भीमसेन कार्कीका अनुसार तीन हजार ५२९ जनाले नामावली दर्ता गराएका छन् । जसमध्ये ५२९ जना जिल्ला बाहिरका रहेका छन् । नामावली दर्ता गर्नेमा ९० प्रतिशत २५ वर्ष मुनिका रहेका छन्,भने १० प्रतिशत २५ वर्ष माथिका रहेका छन् । आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनका लागि मतदाता नामावली सङ्कलनको काम भइरहेको हो । नामावली सङ्कलनको काम कात्तिक महिनाभर मात्रै हुने छ। यसरी नामावली दर्ता गर्न आउनेमा स्वतःस्फूर्त आएको पाइएको उनले बताए।

उनका अनुसार अहिलेसम्म राजनीतिक दलहरुले कार्यकर्तालाई ल्याएका छैनन्। उनले भने ‘दलहरुले गाडीमा ल्याउने गरेका थिए। तर अहिले त्यस्तो छैन।

आएका मतदाता स्वतस्फूर्त आएका हुन।’ विसं २०७९ को निर्वाचनमा चितवनमा चार लाख २१ हजार ३ सय ९२ मतदाता थिए।रासस

# इरिक्सा, अटो रिक्सा र तीन पाङ्ग्रे दर्ता हुन आह्वान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका इरिक्सा, अटो रिक्सा तथा अन्य तीन पाङ्ग्रे भाडाका सवारी साधन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने सूचना जारी गरेको छ ।
नगर कार्यपालिकाको कार्यालयले सोमबार सार्वजनिक गरेको सूचनामा मङ्सिर ७ गतेभित्र सबै सवारी धनीहरूले कार्यालयमा निवेदन दिई सवारीसाधन दर्ता गराउनुपर्ने उल्लेख गरिएको छ ।
प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णद्वारा जारी सूचनामा 'इरिक्सा, अटो रिक्सा तथा तीन पाङ्ग्रे भाडाका सवारी साधन दर्ता सम्बन्धी कार्यविधि, २०७६' बमोजिम दर्ता प्रक्रिया अगाडि बढाइने जनाइएको छ । महानगरका अनुसार दर्ता नभएका सवारीसाधनलाई रुट इजाजत नदिइने र महानगर क्षेत्रभित्र सञ्चालन गर्न नपाइने चेतावनी दिइएको छ ।
दर्ताका लागि नागरिकता प्रमाणपत्र, सवारीसाधनको ब्लुबुक, चालक अनुमति पत्र, जाँचपासको प्रतिलिपि तथा फोटोसहितको निवेदन फारम पेस गर्नुपर्नेछ । महानगरपालिकाले यसअघि पनि सवारीसाधन दर्ताका लागि आह्वान गर्दै आएकोमा यस पटक निश्चित मिति तोकेर अन्तिम म्याद जारी गरेको हो ।

# राजीनामाको हल्लामा सत्यता छैनःघिसिङ

**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङले आफू पदबाट राजीनामा दिन लागेको भन्ने समाचार निराधार भएको स्पष्ट पारेका छन् । उनले जेन–जी पुस्ताको अपेक्षा पूरा गर्ने अभियानमा लागेको कारण राजीनामा दिने कुनै योजना नरहेको बताए ।
देश सञ्चारले प्रकाशित गरेको समाचारप्रति प्रतिक्रिया दिँदै घिसिङले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'पदबाट राजीनामा दिन लागेको भन्ने समाचारमा कुनै सत्यता छैन । जेन–जी पुस्ताको ऐतिहासिक आन्दोलनपछि बनेको यो सरकार जनताको आशा र विश्वास पूरा गर्न प्रतिबद्ध छ । तीनवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै म आन्दोलनले दिएको जनादेश र विश्वास पूरा गर्न निरन्तर लागिरहेको छु ।'
घिसिङ सुशीला कार्की नेतृत्वको गैरदलीय सरकारमा भौतिक पूर्वाधारसँगै शहरी विकास तथा उर्जा, जलस्रोत र सिँचाइ मन्त्रालयको समेत जिम्मेवारी सम्हालिरहेका छन् ।
हाल काठमाडौँ महानगरका मेयर बालेन शाहको समूहले नयाँ राजनीतिक दल दर्ता गर्ने तयारी गरिरहेको बेला घिसिङले राजीनामा दिन सक्ने भनिएको थियो । तर, उनले यसबारे कुनै टिप्पणी नगरी त्यसलाई असत्य प्रचारका रूपमा लिएका छन् ।
स्रोतका अनुसार, घिसिङसँगै रास्वपा छाडेका सुमना श्रेष्ठ, सुधन गुरुङ र सागर ढकाललगायतले नयाँ दल दर्ताको तयारी गरिरहेका छन् । कार्की नेतृत्वको गैरदलीय सरकारमा दलमा आबद्ध हुनेहरूले पदमा बस्न नमिल्ने कानुनी र नैतिक पक्ष उठाइए पनि घिसिङले आफू सरकारको जिम्मेवारीबाट पछि नहट्ने स्पष्ट सन्देश दिएका छन् ।
केही दिनअघि बालुवाटारमा प्रधानमन्त्री कार्कीले मन्त्रीहरूसँग आगामी निर्वाचनमा भाग लिनेबारे छलफल गरेकी थिइन् । सो क्रममा अधिकांश मन्त्रीहरूले आफूहरू चुनावी तयारीमा नरहेको बताए पनि घिसिङले कुनै प्रतिक्रिया दिएका थिएनन् ।

# प्रधानमन्त्री र दुवै सदनका प्रमुखबीच भेटवार्ता



**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्की र सङ्घीय संसद्का दुवै सदनका प्रमुखबीच सोमवार भेटवार्ता भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटवार्तामा समसामयिक विषयमा कुराकानी भएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिए । भेटमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख इन्दिरा राना, राष्ट्रियसभा उपाध्यक्ष विमला घिमिरे, संसद्का महासचिव पद्मप्रसाद पाण्डे, सचिवद्वय हर्कराज राई र रोजनाथ पाण्डे सहभागि थिए ।रासस

# मधेश प्रदेश संसदीय दलमा फेरि साह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा (माओवादी केन्द्र) ले मधेश प्रदेश संसदीय दलको नेतृत्व पुनः भरतप्रसाद साहलाई दिएको छ । पूर्वमन्त्रीसमेत रहेका साहलाई सोमबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले औपचारिक रूपमा दलको नेता पुनर्नियुक्त गरेका हुन् ।



माओवादी केन्द्रका संयोजकसमेत रहेका दाहालले सभामुख रामचन्द्र मण्डललाई पठाएको पत्रमार्फत साहलाई दलको नेता कायम गर्ने निर्णयको जानकारी गराएका छन् । पत्रमा उल्लेख छ, 'नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मधेश प्रदेश संसदीय दलको नेतामा माननीय भरतप्रसाद साहलाई पुनःस्थापित गर्ने निर्णय भएको छ, त्यसअनुसार उहाँलाई दलको तर्फबाट प्रतिनिधित्व गराउन अनुरोध गर्दछु ।'
साह यसअघि पनि माओवादी केन्द्रको तर्फबाट मधेश प्रदेशसभामा संसदीय दलको नेताको जिम्मेवारी सम्हालीसकेका थिए । पुनर्नियुक्तिपछि उनी फेरि प्रदेशसभामा माओवादी केन्द्रको औपचारिक नेतृत्व गर्ने भएका छन् ।

# माओवादी केन्द्रका संयोजक दाहाल र नेकपा एसका अध्यक्ष नेपालबीच छलफल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएको छ ।
एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा सोमवार भएको छलफलमा यही कात्तिक १९ गते भृकुटीमण्डपमा हुने एकता राष्ट्रिय सम्मेलनको तयारी, आठ वाम शक्तिको एकतासभा, घोषणापत्र, अन्तरिम विधान पारित, केन्द्रीय समितिको गठनलगायतका विषयमा कुराकानी भएको एकीकृत समाजवादीका नेता ताजमोहम्मद मियाँले जानकारी दिए ।
मुलुकमा पछिल्लो विकसित राजनीतिक घटनाक्रमका वामपन्थी ध्रुवीकरण, राष्ट्रिय तथा अन्तरराष्ट्रिय राजनीतिक परिस्थितिबारे समीक्षा गरिएको मियाँले बताए ।
दुई पार्टीका प्रमुखबीचको भेटघाटमा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबीच भएका सहकार्य तथा वाम एकतापछिको सैद्धान्तिक आधार र प्रक्रियागत विषयमा समेत छलफल भएको थियो ।
नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत आठ वाम पार्टीबीच एकीकरण गर्ने सैद्धान्तिक सहमतिपछि भएको छलफलमा अन्य कम्युनिष्ट शक्तिलाई एकताबद्ध गर्न भएका प्रयास, अन्तरराष्ट्रिय तहमा शक्ति राष्ट्रबीच भएका युद्ध र त्यसको प्रभावबारे छलफल गरिएको जनाइएको छ ।



**एकता राष्ट्रिय सम्मेलनमा सहभागी हुन परिपत्र**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले पार्टी मातहतका सबै कमिटीलाई यही कात्तिक १९ गते भृकुटीमण्डपमा हुने एकता राष्ट्रिय सम्मेलनमा सहभागी हुन परिपत्र गरेको छ ।
सम्मेलनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टीलगायत आठ वटा वामपन्थी दलहरूबीच एकता घोषणा गरिनेछ ।
सबै दलको सहभागितामा सोही दिन एकता राष्ट्रिय सम्मेलनमार्फत एकीकृत पार्टी घोषणा गरिनेछ । सोही सम्मेलनमा घोषणापत्र सार्वजनिक गर्दै अन्तरिम विधान पारित र केन्द्रीय समितिको गठनलगायतका कार्यहरू गरिने एकीकृत समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले जानकारी दिए ।

# नख्खु कारागारमा रवि लामिछानेसँग आयोगको सोधपुछ

**काठमाडौँ ।**
जेन्जी आन्दोलनका क्रममा भएको दमन र त्यसपछिका आगजनी घटनाको छानबिनका लागि बनेको आयोगले सोमबार नख्खु कारागार पुगेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेसँग बयान लिएको छ ।
आयोगको टोलीले कारागारको अवलोकन गर्दै त्यहाँ रहेका कैदीबन्दीहरूसँग पनि विस्तृत छलफल गरेको थियो । आयोगले भदौ २४ गते नख्खु कारागारमा भएको घटनासम्बन्धी सबै पक्षको भनाइ संकलन गरिरहेको बताइएको छ ।
घटनामा आन्दोलनकारीको भीड कारागारसम्म पुगेको बेला लामिछाने बाहिर निस्किएको र त्यसपछि अन्य कैदीहरू पनि बाहिर गएको आरोप लागेको थियो । तर, लामिछाने पक्षले जेलर सत्यराज जोशीको पत्रको आधारमा आफू कानूनी प्रक्रिया अनुसार थुनामुक्त भएको दाबी गर्दै आएको छ । सोधपुछका क्रममा आयोगले लामिछानेसँग कारागारबाट बाहिर निस्कनुपरेको अवस्था, जेलरको पत्रको वैधानिकता, र त्यससम्बन्धी प्रशासनिक प्रक्रिया बारे विस्तृत प्रश्न गरेको स्रोतले जनाएको छ । लामिछाने बुटवलस्थित सुप्रिम सहकारीको रकम गोर्खा मिडिया प्रालिमा स्थानान्तरण गरी ठगी गरेको आरोपमा पक्राउ परेका थिए । भैरहवा कारागारमा रहेर केही महिनाअघि उनलाई नख्खु सारिएको हो ।
आयोगले अन्य कैदीबन्दीहरूबाट पनि सोधपुछ गर्दै कारागार प्रशासनसँग घटनाको विस्तृत विवरण माग गरेको छ । यसअघि आयोगका पदाधिकारीहरूले उपत्यकाबाहिरका तथ्यहरू संकलन गरेर काठमाडौं फर्किएका थिए ।
आयोगले आइतबारदेखि काठमाडौँ केन्द्रित घटनाहरूमा अनुसन्धान तीव्र पारेको छ । यसैक्रममा, आयोगले प्रहरी मुख्यालयलाई पत्र पठाउँदै भदौ २३–२४ का घटनामा संलग्न जिम्मेवार प्रहरी इञ्चार्जहरूलाई उपत्यका नछोड्न निर्देशनसमेत दिएको छ ।

# माओवादी–एकीकृत समाजवादी एकतामा किरातीको प्रवेश

**काठमाडौँ ।**
देशभक्त समाजवादी मोर्चाका अध्यक्ष गोपाल किराती नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) बीचको एकता प्रक्रियामा औपचारिक रूपमा आबद्ध भएका छन् । सोमबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र किरातीबीच एकता पत्रमा हस्ताक्षर गर्दै यो निर्णय सार्वजनिक गरिएको हो ।
एकता पत्रमा हालको राजनीतिक संकट र राष्ट्रिय चुनौतीका बीच क्रान्तिकारी शक्तिहरूलाई एउटै मोर्चामा एकत्रित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । 'जनयुद्धका कठिन परिस्थितिलाई अवसरमा रूपान्तरण गर्ने नीति अनुसार देशका क्रान्तिकारीहरूबीच एकता र ध्रुवीकरण आजको अपरिहार्य कर्तव्य हो,' पत्रमा भनिएको छ ।
दुवै पक्षले १० वर्षे सशस्त्र जनयुद्धबाट प्राप्त उपलब्धि — संघीय लोकतान्त्रिक गणतन्त्र — को रक्षा र नेपाली समाजको प्रकृतिअनुसार अग्रगामी समाजवादी रूपान्तरणमा दृढ प्रतिबद्धता जनाएका छन् ।



सहमति अनुसार, विगतमा भएका वैचारिक, राजनीतिक र सांगठनिक कमजोरीहरूको वस्तुनिष्ठ मूल्यांकन गर्न संयुक्त कार्यटोली गठन गरिने र त्यसको नतिजा दस्तावेजीकरण गरी जनस्तरबाट एकता र संघर्षको नयाँ चरण अघि बढाइने उल्लेख छ ।
गोपाल किरातीले अघि सारेको देशभक्तिपूर्ण पहिचानसहितको समाजवादी लोकतन्त्रबारे माओवादी पार्टीभित्र गम्भीर छलफल गरी 'पूर्ण जनवाद' का आधारमा साझा नीति तय गरिने पनि एकता पत्रमा उल्लेख गरिएको छ ।
अब किराती नेतृत्वमा रहेका देशभक्त समाजवादी मोर्चा तथा उनका माक्र्सवादी क्रान्तिकारीहरू माओवादी केन्द्रभित्र समाहित हुँदै जानेछन् ।
दुवै पक्षले स्वदेश र विदेशमा रहेका मजदुर, किसान, सुकुमवासी, वित्तीय शोषणपीडित, विस्थापित, जातीय, लैङ्गिक, क्षेत्रीय तथा देशभक्त शक्तिहरूबीच समाजवादी ध्रुवीकरणलाई सुदृढ गर्दै राष्ट्रिय स्वाधीनता, अखण्डता र सम्प्रभूताको बलियो आधार निर्माण गर्ने प्रतिबद्धता जनाएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन